# अध्याय-एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परापूर्वकालदेखि समाजमा महिला र पुरुष एक रथका दुई पाङग्रा हुन् र एकको अभावमा अर्को सञ्चालनमा रहन सक्दैन भन्ने भावना विद्यमान रहेको भएता पनि छोरीलाई सधैं परिवारको बोझ ठान्ने अबुझ परम्परा र पुर्ख्यौली मान्यतालाई नेपाली समाजले आजसम्म पनि छोड्न सकेको छैन । मनुको भनाइमा विधाता अर्थात् ब्रम्हाले आफ्नै सिरलाई दुई भागमा विभाजन गरेर नर तथा नारीको सृष्टि गरेको कुरा उल्लेख छ । धर्मग्रन्थलाई आधार मानेर हेर्ने हो भने पनि महिला र पुरुषको उत्पत्ती समान अवस्थाबाट भएको तथ्यबारे व्याख्या गरिएको पाइन्छ । हिन्दू धर्ममा महिलालाई देवी शक्ति वा भगवानका रुपमा पूजा अर्चना गरिए पनि व्यवहारमा भने उनीहरु अपहेलित छन् र कुनै वस्तुका रुपमा लिने गरिन्छ ।

महिलाहरु घरेलु हिंसाबाट ज्यादै प्रताडित छन् । आज पनि महिला भएका कारणले गर्दा उनीहरुले भेदभावको सामना गर्नु परिरहेको र हिंसापीडित बनेर बस्नुपरेको अवस्था छ । जुन कुनै एक सीमित क्षेत्र वा परिवेश मात्रको सवाल नभई पूरा मुलुकको सवाल भएको छ । जनसंख्या वृद्दी, गरिबी, शिक्षाको व्यवस्था तथा प्रचार-प्रसारको अपर्याप्ताका कारण जनचेतनाको अभाब, रुढीवादीग्रस्त सामाजिक प्रथा, कानूनको प्रभावकारी कार्यान्वयनको अभाव जस्ता कारणहरुबाट तमाम रुपमा सबैखाले आपराधिक क्रियाकलापहरुका साथै महिलाहरु बिरुद्द हिंसाका घटनाहरु पनि पनि बढिरहेको र्सथति विद्यमान छ । तसर्थ महिला बिरुद्दको घरेलु हिँसा को अध्ययन गर्नु अति महत्वपुर्ण र आबस्यक छ । यो अध्ययनले कास्की जिल्लाको पुम्दी भुम्दी गा.बि.स. को वडा नं. ५ का महिला हरु माथि हुने गरेका घरेलु हिँसा को बारेमा चिरफार गरेको छ ।

यो परिचय खण्डमा सबै भन्दा पहिला समस्याको कथन र अनुसन्धान गर्नु पर्ने कारणहरु, त्यसपछि यो अनुसन्धानका उद्देस्यहरु, अनि अनुसन्धान पद्दति र अन्त्यमा अनुसन्धान कसरि व्यवस्थित गरिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

## १.२ समस्याको कथन

छोरी, श्रीमती, बुहारी, आमा आदि जस्ता विभिन्न प्रकारका भूमिका निभाउदै घर, परिवार, समाज र राष्ट्र निर्माणका काममा पुरुष सरहकै भूमिका निर्वाह गर्ने महिलाहरुले समाजमा महिला भएकै कारणले गर्दा भोग्नु परेका पीडा, मर्का, यातना र तिनीहरुमाथि हुने गरेका हिंसाका घटनाहरु बढ्दै गईरहेका छन् । अन्धविशवास, परम्परावादी सोच, अशिक्षा जस्ता विविध कारणहरुले गर्दा महिलामाथि हिंसात्मक व्यवहार हुने तर सामाजिक, आर्थिक र राजनीतिक परिवेशका कारण त्यस्ता हिंसात्मक व्यवहारहरुलाई सहेर बस्ने गरेको पाईन्छ । महिलाहरुले जीवनका गर्भावस्था, बाल्यावस्था, किशोरावस्था, युवावस्था, प्रौढावस्था आदिमा पृथक प्रकृतिका हिंसाहरुको सिकार बन्नु परेको यथार्थ छ ।

कास्की जिल्ला र यसको छेउमै रहेको पुम्दी भुम्दी गा.वि.स. तुलनात्मक रुपमा बिकसित र शिक्षित ठाउँ भएता पनि त्यहाँका महिलाहरु पीडा, मर्का, यातना र घरेलु हिंसाबाट अछुतो छैनन् । तसर्थ यस अध्ययनमा उक्त क्षेत्रका महिलाहरु माथि हुने गरेका घरेलु हिंसाहरुको अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य कास्की जिल्लाको पुम्दी भुम्दी गा.बि.स. वडा नं. ५ का महिलाहरुको सामाजिक-आर्थिक अबस्था र उनीहरु माथि हुने गरेको हिंसाहरुको अध्ययन गर्नु हो । यस अनुसन्धानका अनुसन्धान प्रश्नहरु निम्न छन :

१. उक्त क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक अबस्था कस्तो छ ?

२. त्यस क्षेत्रमा महिला विरुद्द हुने घरेलु हिंसाका प्रकारहरु र त्यसका कारणहरु के के छन् ?

३. त्यस्ता हिँसाबाट पर्न गएका असरहरु र हिंसाहरु रोकथाम प्रति मान्छेहरुको धारणा के छ ?

४. हिँसा पिडित महिलाहरुमा कानुनि तथा सम्बनधित संघ संस्था बारेको जानकारी कति छ ?

## १.४ अध्ययनको महत्व

कास्की जिल्ला बाटोघाटो, बिजुलीबत्ती, शिक्षा, स्वास्थ्य आदिको दृष्टिले तुलनात्मक रुपमा सुगम र बिकसित भएता पनि महिला हिंसाका दृष्टिले अलि पिछडिएको छ । अशिक्षा, पितृसत्तात्मक भावना जस्ता कारणहरुले गर्दा महिलाहरु शोषित र पीडित हुनुपरे पनि आफूमाथि भएका हिंसालाई सहनु उनीहरुको सामाजिक धर्म बनिरहेको छ । उनीहरु  आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक,  पारिवारिक आदि क्षेत्रमा निकै पिछडिएका छन् ।

कास्की जिल्लाको पुम्दी भुम्दी गा.वि.स. तुलनात्मक रुपमा कास्की जिल्लाको एक सुगम र बिकसित मानिने ग्रामीण थलो हो । विभिन्न जातजातिका मानिसहरु बसोवास गर्दै आएको उक्त क्षेत्रमा पनि घरेलु हिंसाले उत्तीकै मात्रामा जरो गाडिरहेको छ । यस अध्ययनमा अशिक्षित भएका कारण  आय-आर्जन गर्न नसकेको, विहेमा प्रशस्त दाइजो ल्याउन नसकेको, छोरा जन्माउन नसकेको जस्ता कारणहरुले गर्दा लोग्ने तथा आफ्नै घरका अन्य सदस्यबाट घरेलु हिंसाको सिकार भएका महिलाहरुको अबस्था उजागर गर्ने जमर्को गरिएको छ ।  यस अध्ययनले उक्त समाजका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा साँस्कृतिक अबस्था, उनीहरुमाथि हुने गरेका हिंसाहरु, परिवार तथा समाजले महिलालाई हेर्ने दृष्टिकोण, महिला हिंसाको प्रकृति आदि बारेमा जानकारी दिनेछ ।

यो अध्ययन अन्य पिछडिएका क्षेत्रमा हुने गरेका महिला हिंसाहरुसंग तुलना गर्न अत्यन्त उपयोगी हुने छ । अध्ययन क्षेत्र तुलनात्मक रुपमा सुगम भएको कारण यो अध्ययनलाई अन्य उस्तै प्रकारका ठाउँहरुको लागि सामान्यीकरण गर्न सकिने छ । यस अध्ययनमा प्राप्त जानकारी हिंसा पिडित महिलाहरुका वारेमा

बुझ्न, अध्ययन गर्न र काम गर्न चाहने व्यक्ती, संस्था, योजनाकार, अधिकारबादी आदिले आबस्यकता अनुसार उपयोग समेत गर्न समेत सक्नेछन ।

## १.५ संगठनात्मक ढाँचा

यस शोधपत्रमा जम्मा छ वटा अध्यायहरु रहेका छन् । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, यसको महत्व र शोधपत्रको संगठनात्मक ढाँचा सम्बन्धमा चर्चा गरिएको छ ।

अध्याय दुईमा प्रस्तुत गरिएका बिषयहरुमा साहित्यको पुनरावलोकन अन्तर्गत महिला हिँसा, घरेलु महिला हिँसा, शास्त्रमा महिला हिंसाको रुप, महिला हिंसाको बिश्वको अबस्था, महिला, संचार माध्यममा महिला हिंसा, नेपालमा महिला हिँसा, घरेलु महिला हिंसाको प्रकृति, घरेलु हिंसालाई प्रभाब पार्ने त्तवहरु, घरेलु हिंसाका प्रकारहरु  लगाएत पर्दछन ।

अध्याय तिनमा कास्की जिल्ला र पुम्दी भुम्दी गा. बि. स. को संक्षिप्त परिचय उल्लेख गरिएको छ भने अध्याय चारमा अनुसन्धान पद्दति बारे चर्चा गरिएको छ । अनुसन्धान पद्दति अन्तर्गत अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धान ढाँचा, अध्ययनको समग्रता र नमूना छनौट, तथ्यहरुको श्रोत तथा प्रकृती, तथ्याङ्क संकलन विधिहरु आदि बारे लेखिएको छ । तथ्यांक संकलन अन्तर्गत प्राथमिक श्रोत र द्वित्तीय श्रोत सम्बन्धमा र प्राथमिक श्रोत अन्तर्गत अन्तर्वार्ता, अवलोकन जस्ता बिषयमा छोटकरीमा प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा अध्ययनको परिमाण र छलफल अन्तर्गत अन्तरबार्ता लिईएका महिलाहरुको विवरण बारे छलफल गरिएको छ । यसमा हिँसा पिडित महिलाहरको उमेर अनुसारको विवरण र यस अन्तर्गत उमेर अनुसार महिलाको विवरण, महिलाहरुको परिवारको प्रकार, जातिगत र  धर्मको विवरण, शैक्षिक अवस्था, आर्थिक अवस्था र बैबाहिक विवरण उल्लेख गरिएको छ । त्त् पश्चात् महिलामाथि हुने उमेरकम अनुसारको हिंसा र यसका प्रकारहरु, महिलामाथि हिंसा हुनाका कारणहरु, महिलाहरुले हिंसा सहनुका कारणहरु, हिंसाबाट पर्न गएका असरहरु, महिला विरुद्दको हिंसा रोकथाम बारेको धारणा र हिँसा पिडित महिलाहरुलाई भएको कानुनी व्यवस्था तथा सम्बन्धीत संघ संस्था बारेको जानकारी सम्बन्धमा छोटो प्रस्तुति संलग्न छ ।

अध्याय छ मा अध्ययनको निष्कर्ष, यसको व्यवहारिक प्रयोग र सुझाबहरु उल्लेख गरि अन्त्यमा सन्दर्भ सामाग्री, प्रश्नावाली र छनौटमा परेका उत्तरदाता महिलाहरुको नामावली समाबेश गरिएको छ ।

# अध्याय-दुई : साहित्यको पुनरावलोकन

## २.१ महिला हिंसा

महिला बिरुद्दको हिंसा ऐतिहासिक पुरुष र महिला बिरुद्दको असमान शक्ति सम्बन्धको उपज हो, जसको कारण पुरुषहरु महिलाहरुमाथि शोषण र नियन्त्रण गर्छन, महिलाहरुको बिरुद्द भेदभाब गर्छन र उनीहरुको सम्पूर्ण पक्षको बिकासमा अबरोध गर्ने काम गर्छन ।

महिला बिरुद्द हुने हिँसा सबै भन्दा ब्यापक रुपमा हुने मानब अधिकारको गम्भीर उलंघन मध्ये एक हो (थपलिया, २०५८) । यो हिंसालाई संसारभर नै सार्बजनिक स्वास्थ्य समस्याको रुपमा पनि लिईन्छ, जसले मानब अधिकारको उलंघनको साथै सामाजिक, आथिर्क र स्वास्थ्यका दायित्वहरु सिर्जना गर्छ । यो हिंसामा भौतिक, यौनिक, मनोबैज्ञानिक र आथिर्क रुपमा समेत देखा पर्छ । यो संस्कृति, वर्ग, शिक्षा, आम्दानि, जातियता, भूगोल र उमेरमा समेत भर पर्छ ।

हिंसा कुनै पनि मानिस माथि गरिने शारीरिक तथा मानसिक यातना, गाली गलौज, कुटपीट आदि हुन् । हिंसा महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छ । घरेलु हिंसा सबै व्यक्तिबाट मात्रै हुँदैनन् । केही समाजबाट हुने गरेको पाइन्छ भने केही राज्य वा सरकारबाट । हिंसा महिला, पुरुष, बालबालिका, बृद्द जसको विरुद्दमा पनि हुने गर्दछ भने हिंसा महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन्छ । परिवारबाट होस् वा समाजबाट र राष्ट्रबाट, महिलामाथि जुनसुकै हिंसा हुन्छ भने त्यो महिलाविरुद्द हुने हिंसा हो । बोक्सीको आरोपमा महिलालाई समाजमा बस्न नदिने, समान काममा महिला पुरुषबीच भिन्न भिन्न ज्याला दिने, महिलाहरु घर बाहिरको काममा जान हुँदैन भन्ने संकुचित धारणा राख्ने जस्ता व्यवहार सामाजिक हिंसा अन्तर्गत पर्दछन् (राजभण्डारी, २०५५) ।

बिश्व लगायत हाम्रो समाजमा महिला माथि विविध प्रकारका हिंसाहरु हुने गरेका छन् । पुरुषहरुले महिलाहरुलाई आफ्नो हक, अधिकारबाट बन्चित गराएका छन् भन्ने आरोप लगाउने गरिएता पनि महिलाहरु पुरुषबाट हुने हिंसाबाट मात्र पीडित नभई महिलाबाटै हुने हिंसाबाट समेत पीडित छन् (लामिछाने एट. अल., २०११) । घरभित्र होस् वा घरबाहिर र समाजमा वा अन्य स्थानमा होस्, कुनै न कुनै हिंसाबाट महिलाहरु पीडित छन् । महिला विरुद्द हुने हिंसाहरु कतिपय ठाउँमा निर्दयी रुपमा प्रत्यक्ष ढंगले त कतिपय ठाउँमा अप्रत्यक्ष ढंगले हुने गरेको पाइन्छ ।

## २.२ घरेलु महिला हिँसा

घरेलु महिला हिँसा भन्नाले एउटा परिवार भित्र हुने भौतिक हिँसा जसमा लोग्नेले श्रीमतीलाई जबर्जस्ती गर्ने यौन दुर्व्यवहार, भौतिक कुटपिट, मनोबैज्ञानिक वा मानसिक रुपमा दिने यातना र एक्लै हिंडडुल गर्न र सूचना र सेवाको पहुँच बाट रोक्ने जस्तो कार्य पर्दछ ।

सापकोटा (२०११) का अनुसार करिब ९५.५% घरेलु हिंसामा महिलाहरु नै पिडित हुन्छन । घरेलु महिला हिंसा धकेल्ने, पिट्ने, चिमट्ने, थप्पड लाउने, पोल्ने, आगो लगाउने जस्ता विभिन्न रुपहरमा हुन सक्छ । यो विभिन्न रुप र  अबस्थामा कार्यस्थल, घर, बिद्यालय वा समुदायमा जहां पनि हुन सक्छ । यी मध्ये घरमा हुने घरेलु हिंसा सबै भन्दा बढी डरलाग्दो हुन्छ । नेपालमा यो निकै ब्यापक भए पनि यसको लागि छुट्टै कानुनको व्यवस्था हालसम्म हुन सकेको छैन । धेरैजसो घरेलु हिंसा आत्मीय, प्रिय शक्तिसाली र बिस्वासिला मानिएका पुरुषहरुले महिला माथि नै गर्ने गरेका छन्, श्रीमान, बुवा, दाई र भाई, केटा साथि, सौताने बाउ, काका, छोरो वा अरु कुनै रुपमा होस् । त्यसैले घरेलु हिंसालाई पारिवारिक हिँसा पनि भनिन्छ (राजभण्डारी, २०५५) ।

महिला माथि हुने  घरेलु हिंसा अन्तर्गत महिलामाथि घर परिवारका सदस्यहरुबाट विभिन्न निहुँमा हुने हिँसा जस्तै स्वास्नी कुट्ने, दाइजोको निहुँ देखाएर महिलालाई घरबाट निकालिदिने, छोरी जन्माएको निहुँमा उसलाई घरपरिवारको सदस्यले खान, लगाउन नदिने, भुण हत्या जस्ता व्यवहारहरु पर्दछन् ।

महिला तथा वालवालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरु आफ्नै घरभित्र बेचिन्छन्, बलात्कार हुन्छन्, जबरजस्ती देहव्यापारमा लगाइन्छन्, यौन दासको रुपमा राखिन्छन्  र जबरजस्ती गर्भवती बनाइन्छन् । बालविवाह, अनमेलविवाह, वहुविवाह, विधवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गत कै हिंसाहरु हुन् (थपलिया, २०५८) ।

महिला विरुद्दहुने हिंसा परम्परागत तथा प्रमुख हिंसाका रुपमा रहेको छ । महिला विरुद्दहुने घरेलु हिंसा महिलाको सम्मानपूर्ण र प्रतिष्ठापूर्ण जीवनयापनको अधिकार विरुद्धको कार्य पनि हो । यसैले यसलाई मानव अधिकार विरुद्धको कार्य पनि मानिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रुपमा विद्यमान रहेको धर्म, परम्परा र कुरीति हो । जसले पितृसत्तात्मक समाजलाई प्रश्रेय प्रदान गरेको छ (न्यायका लागि आवाज, २०५९) ।

## २.३ शास्त्रमा महिला हिंसाको रुप

हिन्दू धर्मग्रन्थहरुमा महिलाको स्थान यसरी वर्णन गरिएको छः

-महिला भनेको नदी हो, पुरुष भनेको समुन्द्र हो (मनु) ।
-महिलाहरु केटाकेटीमा आमा-बाबुको नियन्त्रणमा र विवाहित अवस्थामा श्रीमानको नियन्त्रणमा हुन्छन् भने बुढ्यौली अवस्थामा छोराछोरीमाथि निर्भर हुन्छन् (मनुस्मृति) ।

यस्ता धामिर्क उक्तिहरुबाट पनि महिलाको बारेमा हाम्रा शास्त्रहरुमा कस्तो व्यवस्था छ भन्ने प्रष्ट हुन्छ । यस्तो भेदभावले महिलालाई पराधिनता तर्फ धकेली कमजोर, असक्षम र अपूर्ण व्यक्तिवका रुपमा स्थापित गराउन खोजेर संस्कार भित्र महिलालाई दोश्रो दर्जाको व्यवहार प्रदर्शन गरेको देछिन्छ ।

## २.४ महिला हिंसा : बिश्वको अबस्था

पारिवारिक हिँसा निवारण कोषका अनुसार संसारका प्रत्यक ३ मध्ये १ जना महिला उनको यौनजन्य, भौतिक, मानसिक वा अन्य कुनै प्रकारको हिंसाको सिकार हुन्छन (सापकोटा, २०११) । यो तथ्यांकले हिंसा संसार कै खतरनाक रोग भएको पुष्टि गर्छ । हिँसा पिडित महिलाहरु मध्ये एक चौथाई देखि आधा सम्म आफ्नै घरको श्रीमान बाटै पिडित छन् । विश्व स्वास्थ्य संगठनका अनुसार संसारमा महिला हत्याका घटना मध्ये ४०% देखि ७०% आफ्नै श्रीमान वा एकाघरको केटा साथीबाटै मारिएका छन् । कहिले महिला हिंसालाई जातीय, साम्प्रदायिक वा निश्चित समुदाय वा समुहको घटनाको रुपमा व्याख्या गर्ने गरेका पनि छन् ।

विश्व स्वास्थ्य संगठनले विभिन्न देशमा गरेको एउटा अध्ययन अनुसार १३-६१% महिलाहरुले उनीहरुको जिबन समयमा भौतिक हिँसा भोग्छन । धेरै जसो देशमा १०-५०% महिला यौनजन्य हिंसाबाट पिडित छन् । बंगलादेशमा गरेको अध्ययन अनुसार सन् २०११ मा ६७% महिलाले उनीहरुको जिबनमा यौन हिँसा भोगेको पाइयो जुन अघिल्लो बर्षको भन्दा एक तिहाइले बढी हो (लामिछाने एट.अल., २०११) ।

संयुक्त राष्ट्र संघ, महिला विरुद्दको भेदभाव उन्मूलन गर्ने समिति को सिफारिस नं. १९ अनुसार घरेलु हिंसा भनेको महिला विरुद्दका हिंसाको सबैभन्दा पुरानो स्वरुप हो । यो सबै किसिमको समाजमा प्रचलित छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरु अवलम्वन गर्नुपर्छ (थपलिया, २०५८) ।

बिश्वब्यापी रुपमा व्याप्त महिला उपरमा हिंसा उन्मुलनका लागि संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै महिला विरुद्दका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । चीनको राजधानी बेइजिङको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरु मध्ये महिला र हिंसा तथा महिला र गरिबी महत्वपूर्ण विषयका रुपमा रहेका थिए । यसरी महिला हिंसा आज विश्वव्यापी समस्याको रुपमा नै देखिएको छ । त्यसैले महिला विरुद्दको हिंसा एउटा गहन प्रश्न बनेको छ (तिलकप्रसाद चौलागाई एट.अल., २०६५) ।

सन् १९९३ को विश्व बैंकको प्रतिबेदनका अनुसार २०% महिलाहरु जुन पुरुषसँग बसेका छन्, सोही पुरुषबाट नै अनुचित व्यवहार र दुर्व्यवहार भएको पाइएको छ । वास्तवमा घरेलु हिंसा शिक्षित शहरी समाजमा भन्दा ग्रामीण अशिक्षित समाजमा बढी मात्रामा पाउन सकिन्छ । घरेलु हिंसाले व्यापक ठाउँ लिइरहेको यो अवस्थामा महिला वर्गको उत्थानका लागि प्रत्यक्ष रुपमा भने खासै पहल भएको पाइएको छैन । जसको कारण उनीहरुको सामाजिक अवस्थामा परिवर्तन हुन सकेको छैन । यस्तै विदेशी दातृ संस्थाहरुले

महिलामाथिको हिंसा अन्त्य गर्न करोडौं रुपैयाँ अनुदान स्वरुप दिने गरेका छन् । महिला आयोग लगायत विभिन्न महिला अधिकार सम्बन्धी गैरसरकारी संस्थाहरु स्थापित भएका छन् तर समस्या जिउँका तिउँ रहेको छ ।

## २.५ महिला हिँसा : हिजो र आज

हाम्रो इतिहासलाई कोट्याउंदा पनि ढुङगे युगदेखि नै महिला पुरुषमा भिन्नता भएको पाइन्छ । मानवको जन्म पश्चात् त्तकालै जेन्डरको सामाजिक रुपले निर्माण हुन्छ भने मानव सभ्यताको विकासको सुरुवातसँगै सिकारी र संकलन समाज, बागबनी समाज, कृषि समाज र औद्योगिक समाजमा लैङगिकताको निर्माण हुँदै आएको पाइन्छ । सिकारी समाजमा पुरुषले शिकार गरी पारिवारीक गुजारा चलाउने भएकाले उनीहरुले महिलामाथि नियन्त्रण गरी पराधिनता लादिसकेका थिए भने बागबनी समाजदेखि औद्योगिक समाजसम्म आइपुग्दा पुरुषहरुको चतुर्याइको कारणले गर्दा विभिन्न आर्थिक उत्पादनमा महिलाहरुको भूमिका बढी देखिए पनि आर्थिक कारोवारको सम्पूर्ण अधिकार पुरुषमा थियो जसले गर्दा पुरुषहरु शक्तिशाली बन्न पुगे (चौलागाई एट. अल. २०६५) । आधुनिक विकसित समाजको परिवेशमा भन्नु पर्दा पनि महिला र पुरुषको जन्म समानरुपबाट हुने गर्दछ । तर पनि बिडम्बनाको कुरा यो छ कि हाम्रो राष्ट्रमा आजसम्म पनि छोरी तथा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन । महिलाप्रतिको भेदभावपूर्ण व्यवहार तथा उसको दयनीय सामाजिक अवस्था ध्यानमा राखी महिलाको लागि विशेष कानूनको निर्माण गरिनु तर्फ केही पहल भएको तथा सोही तथ्यलाई ध्यानमा राखी महिलाका लागि विशेष कानूनको निर्माण गरिन सक्ने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ मा पनि गरिएबाट महिलाको अवस्थामा परिवर्तन ल्याउन न्यायिक सक्रियता त देखाइएको छ, तर पनि न्याय प्रदान गर्न सकिएको देखिँदैन । केवल महिला भएका कारण उसले विभिन्न प्रकारका घरेलु हिंसा तथा सामाजिक हिंसाबाट पीडित बन्नु परेको घटनाको उदाहरण हाम्रो समाजमा प्रशस्त मात्रामा पाउन सकिन्छ ।

डेढ दशक यता नेपालमा घरेलु हिंसाका बारेमा बढी नै चर्चा बहस तथा कार्यक्रम भएका छन् तर समस्याले झन् बढी जरो गाड्दै गइरहेको छ । महिलाहरु शारीरिक, मानसिक, सामाजिक, धार्मिक तथा राजनीतिक रुपमा नै हिंसाका शिकार बनेका छन् । बोक्सीको आरोपमा महिलालाई घर निकाला गरिदिने, दाइजो नल्याएका कारण दिइने शारीरिक तथा मानसिक यातना, एउटी श्रीमती हुँदाहुँदै अर्की श्रीमती विवाह गर्ने, ललाई फकाई विवाह गरेर अलपत्र पारेर छाड्ने, विभिन्न प्रकारका मानसिक यातना दिने गरी श्रीमानले रक्सी पिएर श्रीमती माथि कुटपिट गर्ने, महिलालाई वस्तुसरह प्रयोग गर्ने सवालमा हुने वैवाहिक बलात्कार लगायत विविध प्रकारका यातना, घरेलु हिंसा अन्तर्गत पर्दछन् ।

देशको ऐतिहासिक पृष्ठभूमि पल्टाएर हेर्ने हो भने विगतको तुलनामा वर्तमान समाज निकै सुविधा सम्पन्न भएको छ । तर पनि दुःखको कुरा भने यो छ की महिलाप्रतिको सामाजिक दृष्टिकोण र उनीहरुप्रति

गरिने हिंसामा आएको परिवर्तनप्रति भने सन्तोष हुने ठाउँ छैन । ग्रामीण क्षेत्रमा अशिक्षा, अन्धविश्वासले गर्दा महिला माथिको दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन भने शहर लगायतका शिक्षित व्यक्तिहरु भएको समाजमा पनि महिलाप्रतिको व्यवहार उस्तै, केवल ग्रामीण क्षेत्रको भन्दा फरक छ । आज महिला भएकै कारण छोरीलाई पैतृक सम्पत्तीमा छोरा सरहको अधिकार छैन । वहुविवाहलाई अपराध मानेपनि निश्चित शर्तमा पुरुषलाई दोश्रो विवाह गर्न छुट दिइएको छ । महिलालाई भने यस्तो छुट छैन । सम्बन्ध विच्छेदको कति मामिला समेत समानता छैन । सत्तिव डगिएको देखिएमा स्वतः सम्बन्धविच्छेद हुन्छ । वैदेशिक रोजगारका लागि अभिभावकको स्वीकृतिको अवस्था जस्ता विभेदकारी व्यवस्था महिला माथि कानुनले नै भेदभाव गरेका व्यवस्था हुन् ।


महिला जिबनका विभिन्न अबस्थामा भोगेका हिंसाका प्रकारहरुलाई तलको चक्रबाट प्रस्ट पार्न सकिन्छ । उक्त चक्रबाट महिलामाथि हुने हिंसा भनेको प्रथमतः भ्रुण हत्या बाटै सुरु हुन्छ भन्ने प्रष्ट हुन्छ । गर्भ पहिचान गरी गर्भ तुहाउनु साथै वाल्यावस्थामा शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्रमा गरिने छोरीप्रतिको भेदभाव बाल विबाह, बाल वेश्यावृत्ती, बालश्रमको शोषण आदि यो अबस्थामा हुन सक्ने अन्य हिंसाका रुपहरु हुन् । त्यस्तै गरी किशोरावस्थाका महिलामाथि हुने गरेका हिंसाका रुपहरुमा बलात्कार, बेचविखन, जबरजस्ती महिलाको मन्जुरीविना विवाह गरिदिने, शिक्षा, स्वास्थ्य, खानपिन लगायत घरायसी काममा समेत महिला पुरुषप्रति भेदभावपूर्ण व्यवहार गर्ने आदि पर्दछन । युवाअवस्थाका महिलाले भोग्नु परेका हिंसाका रुपमा प्रायः विवाह पश्चात उसमाथि गरिने हिंसा पर्दछ । जस्तो वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, घरेलु हिंसा आदि । गर्भावस्थामा आएर भ्रुण हत्या गरिने, गर्भवती महिलाले पाउनुपर्ने उचित स्याहार संहार नपाउने, पोषिलो खानाको कमी, यस्तो अवस्थामा बढी भन्दा बढी समय काममा लगाउनु, मानसिक शारीरिक यातना दिने जस्ता कारणले गर्दा गर्भ समेत तुहिन सक्छ । प्रौढावस्थाका महिलामाथि हुने हिंसाका रुपमा उचित स्याहार तथा औषधोपचारको अभाव, बच्चाको पालन-पोषण तथा स्याहारको दायित्व बहन आदि पर्दछन ।

## २.६ महिला बिरुद्दको हिंसाको जिबन चक्र

पुरुषको दाँजोमा महिला कमजोर र असक्त हुन्छन् भन्ने संकुचित मानसिकता हाम्रो समाजमा व्याप्त छ । विकास प्रक्रियामा नारी पुरुषको सहभागिता बराबर छ भनेर जति नारा घन्काइन्छ, त्यत्तिकै मात्रामा उनीहरुप्रतिको शोषण पनि बल्भिरहेको छ । यो नै महिलामाथिको प्रमुख समस्या हो ।

महिलाहरु जो पुरुषबाट शोषित तथा घरेलु हिंसाबाट पीडित छन्, आफूमाथि भएका यस्ता हिंसालाई उनीहरु बाहिर ल्याउन चाहदैनन् । त्यसैको अलवा पारिवारिक जीवनबाट विस्थापित भइसकेपछि सुरक्षित जीवनको विकल्प नदेख्दा पनि घरेलु हिंसालाई घरभित्रै लुकाउने गर्दछन् । फलस्वरुप घरेलु हिंसाले बढवा पाउने मौका पाएको छ ।

वर्तमान समाज विगतको तुलनामा निकै पृथक र परिष्कृत भैसकेको छ । समाज दिन प्रति दिन सुविधा सम्पन्न भएको छ । तर विडम्वना मानिसमा चेतनाको विकास हुन सकेको छैन । समाजमा महिलाप्रति घरेलु हिंसा समाजको विकास प्रविधिसँगै बढिरहेको पाइन्छ ।




## २.७ संचार माध्यममा महिला हिंसा

### गोरखापत्र २०६४

राजनीतिमा लागेका महिलाहरु पनि हिंसाको शिकार भएको पाइएको छ । साउथ एसिया पार्टनरसीप नेपालले राजनीतिमा लागेका महिलामाथि हुने हिंसा सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने कायक्रममा बोल्दै परराष्ट्र मन्त्री साहना प्रधानले महिला राजनीतिकर्मीमाथि हिंसा हुने गरेको प्रष्ट गर्दै भन्नुभयो, हो हिंसा छ । मैले त ६० वर्ष खपिसकें । आज त महिलाले राजनीति गर्न हुँदैन भन्छन् भने ६० वर्ष अघि के भन्थे

होलान् ? डा.आभादर्शन श्रेष्ठले भन्नुभयो-राजनीतिमा लागेका महिलाहरुमाथि धेरै मानसिक र केही शारिरीक हिंसा हुने गरेको  छ ।

**छोरा नपाएको झोंकमा श्रीमतीको हत्या**

धैबुङ-३ स्थित रसुवा धारापानीका २६ वर्षिय कृष्ण बहादुर लोप्चनले ३४ वर्षिया श्रीमती सेतीमायाको शुक्रवार राति हत्या गरेका छन् । चार छोरीकी आमा सेतीमायालाई छोरा नपाएको भनेर उनले दिनहुँ कुटपिट गर्दै आएको स्थानीयवासीले बताएका छन् । कृष्ण बहादुरले श्रीमतीलाई घाँटी निमोटी पिर्काले हिर्काएर हत्या गरेको जिल्ला प्रहरी कार्यालय रसुवाका डिएसपि मोहन कुमार आचार्यले बताए ( कान्तिपुर, २०६४) ।

**सुत्केरीको हत्या**

राजविराज सप्तरीको बथनाहा गा.वि.स.वडा नं.३ मा मंगलवार २८ वर्षिया सिकीलावती देवीको हत्या गरी इनारमा फ्याँकेको अवस्थामा शव फेलापरेको छ । भवी यादवकी २१ दिनकी सुत्केरी सिकिलावतीसँग पती पत्नीबीच सम्बन्ध बिग्रेको कारण हत्या गरिएको माइती पक्षको दाबी छ (नेपाल समाचारपत्र, २०६४) ।

**हाकिमले श्रीमतीलाई आगो लगाए**

एउटा कार्यालयका जिम्मेवारी पदमा रहेका चावहिल गंगाहिटी निवासी मुरारीले छोरा नपाएको भन्दै दोश्रो विहे मात्र गरेनन् की जेठी श्रीमतीलाई आगो लगाएर मार्ने प्रयत्नसम्म गरे । २०६० साल देखि पुरानो परिवार छोडेर कान्छी श्रीमतीसँग गठ्ठाघर भक्तपुरमा बस्दै आएका मुरारी त्यो रात चाबहिलस्थित घरमा गई खाना बनाउँदै गरेकी श्रीमतीलाई सहयोगीका साथ श्रीमतीको श्रीरमा मट्टितेल छर्की, ग्याँस जलाएर आगो लगाइदिए । श्रीमतीको श्रीरमा दनदन आगो बलिरहेको थियो । खुचिङ गर्दै श्रीमान हेर्दै थिए मज्जा लिँदै थिए । पछि उनकी छोरीले थाहा पाएर पानी हाली आगो निभाइन् र आफै हस्पिटल ल्याइन् (नयाँ पत्रिका, २०६८) ।

**दाईजो नपाएपछि दुई दिनमा बेहुली फिर्ता**

संखुवासभा खाँदवारीका वसन्त चापागाईले सुन्दर संगीनीमा चित्त बुझाएनन् । दाइजो नपाएको झोकमा दुई दिनमा बेहुली फिर्ता गरिदिए (नयाँ पत्रिका, २०६८) ।

**बोक्सीको आरोपमा घर निकाला**

शिक्षाको माध्यमबाट अशिक्षाको अन्धकार हटाउने अभियानमा लागेकी एक शिक्षिका बोक्सीको आरोपमा आफ्नै सासु, ससुरा, देवर र आमाज्यूले विना कसुर शारीरिक, मानसिक यातना दिइने क्रममा २०६४-३ माघमा टाउको र श्रीरका अभिन्न अङगहरुमा नीलडाम हुनेगरी पिटी घर निकाला गरिदिएपछि न्यायको खोजीमा भौतारिएकी छन् (राजधानी पत्रिका, २०६४) ।

**दाइजो नल्याउने बुहारीलाई राप्रपा नेताको यातना**

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय कोषाध्यक्ष सूर्य बहादुर के.सी.ले दाइजो नल्याएको भन्दै बुहारीलाई मानसिक यातना दिएका छन् । पजेरो, गाडी, दाइजो नल्याएको भन्दै मानसिक यातना दिएको बुहारी शमिर्लाले बताइन् । परिवारको यातना सहन नसकी घर छोडेर माइती बस्दै आएकी शमिर्लाले के.सी. विरुद्द अंश मुद्दा समेत दायर गरेकी छन् (नयाँ पत्रिका, २०६४) ।

**छोरी पाएको भन्दै श्रीमती माथी कुटपिट**

स्नातकोत्तर अध्ययन गरेका लेखनाथ नगरपालिका ११ एकलेकुनाका रत्नमणि अधिकारीले श्रीमती फणिन्द्रालाई छोरी पाएको निहुँमा घरभित्र थुनी डोरी र कपडाले बाँधेर डेढ घण्टासम्म शारीरिक र मानसिक यातना दिएका थिए । फणिन्द्राको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ भने श्रीमान फरार छन् (नयाँ पत्रिका, २०६५) ।

**दाइजोको डरले पढाउँदैनन् छोरी**

बुटवल रुपन्देहीको पजरकट्‌टी टिकर गाउँका शिव हरिजनका ६ छोराछोरी छन् । सामान्य आर्थिक अवस्था भएका हरिजनले चार छोरा पढाए भने २ छोरी पढाएनन् । किन त ? भन्छन्, एकातिर पढाउँदाको खर्च अर्कोतिर विहेमा खर्च दोहोरो खर्च गर्नुभन्दा नपढाउन जाती (कान्तिपुर, २०६५) ।

**बोक्सीको आरोपमा एक वृद्द महिलालाई दिसा खुवाईयो**

बोक्सीको आरोपमा बारामा एक बृद्द महिलालाई गाउँलेहरुले दुर्व्यवहार गर्दै जबरजस्ती दिसा खुवाएका छन् । गाउँलेहरुको पिटाईबाट ती महिलाको मुखको एउटा बंगरा समेत भाँचिएको छ (नयाँ पत्रिका, २०६४) ।

## २.८ नेपालमा महिला हिँसा

नेपालमा गत दशकबाट मात्रै महिला बिरुद्दको हिँसा खुलस्त रुपमा छलफल हुन थालेको हो । बलियो रुपमा स्थापित पितृसत्तात्मक समाज र त्यस्ता अपराधहरु खुलस्त रुपमा व्यक्त गर्न नसक्ने समेत कारणले गर्दा यसलाई अपराधको रुपमा पनी स्वीकार गरिएको थिएन । तर अहिले यो खुलस्त रुपमा लैंगिक हिँसा वा घरेलु हिँसा वा परिवारीक लैंगिक हिँसाको रुपमा खुल्ला रुपमा छलफलमा छ (सापकोटा, २०११) ।

नेपालको सन्दर्भमा भन्नुपर्दा कृटपीट, लुटपाट, लोग्नेस्वास्नीको महल आदि जस्ता मुलुकी ऐनको महलहरुमा महिला हिंसाको व्याख्या एवं व्यवस्था गरिएको छ भने मुलुकको अन्तरिम संविधान २०६३ मा पनि महिलाको समानताका सम्बन्धमा व्यवस्था भएबाट अन्तर्राष्ट्रिय जगतका साथै नेपालमै पनि महिला विरुद्दका हिंसाका लागि न्यायिक सक्रियता रहेको अनुभव सम्म त हामी पाउँछौं । तर पनि नेपाली परिवेशमा भन्नुपर्दा न्यायिक सक्रियताका आधारमा पुर्ण रुपमा न्याय भने प्रदान गर्न सकिएको देखिदैन ।

हाल पनि नेपालमा बर्षेनी दशौ हजार महिलाहरु हिंसाबाट पिडित छन् । सम्पूर्ण हिंसाको ८०% भन्दा बढी हिँसा घरेलु महिला हिँसा नै हुन्छ भने समाजमा ८० प्रतिशत भन्दा बढी हिंसा र अपराध महिलाकै विरुद्द हुने गर्दछ (सापकोटा, २०११) । त्यस्ता प्रकारका हिंसामा घरायसी हिंसा कुटपिट, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेका छन् । अन्य कारणहरुमा महिला वा पुरुषको बहु-बिबाह, सम्पत्तीको लागि झगडा, बोक्सीको आरोपमा यातना आदि पर्छन । ८०% जति हिंसाहरु आफ्नै परिवारका सदस्यहरु बाट हुन्छन (सापकोटा, २०११) । यसले महिलाहरुको लागि आफ्नै घर समेत सुरक्षित स्थान नभएको प्रष्ट्याउछ । सामाजिक शक्ती सम्बन्धले गर्दा महिलाहरुलाई परिवार, समुदाय र समाजमा अत्यन्त न्युन अधिकारहरु दिएर दबाएर राखेको छ ।

समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा बढी महिला नै हिंसाको शिकार बन्दै आएको पाइन्छ (दाहाल, २०५०) । नेपालमा स्थानको आधारमा होटलमा १४.२८%, गलैचा उद्योगमा २८.५८%, गार्मेन्ट उद्योगमा १४.२८%, एयरलाइन्समा २८.५८% र शिक्षकहरुमा १४.२८% यौनजन्य दुर्व्यवहार हुने गरेको पाइन्छ (प्रधान, २०५८) ।

ऐतिहासिक रुपमा नेपालमा महिला र छोरी बिरुद्दको हिँसा धेरै पहिला देखि नै विद्यमान छ । नेपालमा साथि भन्ने संस्थाले १९९७ मा महिला बिरुद्दको हिँसा सम्बन्धमा गरेको एउटा अध्ययन अनुसार हिँसा पिडित महिलाहरु मध्ये ९३% महिलाहरु मानसिक रुपमा पिडित छन् । ८२% कुटाई बाट, ३०५ बलात्कारबाट, २८ % बेश्यावृतति बाट र ६४ % बहुबिबाह बाट पिडित छन् । पारिवारिक स्वास्थ्य द्वारा सन् १९९८ मा मातृ मृत्युदर सम्बनधि गरेको अध्ययनले बच्चा पाउने उमेर समुह का महिलाहरुले सबै भन्दा बढी आत्महत्या गर्ने गरेको देखाउछ । अर्को एउटा अध्ययन अनुसार आत्म हत्या पछी सुत्केरी अबस्थामा हुने महिलाहरुको मृत्यु निकै उच्च छ । सन् २००३-२००४ मा नेपाल मा करिब ५०० आत्महत्याका घटनाहरु दायर गरिएका थिए (राजभण्डारी, २०५५) । करिव ५ लाख महिलाहरु बहु-बिबाह गरेर पनी संगै बसीरहेका छन र बहु बिबाह नै नेपालमा महिलाहरुको मानसिक रोग को मुख्य कारण हो (थपलिया, २०५८) ।

सन् २०११ नेपालका विभिन्न आठ जिल्लाहरुमा महिला किसोरी, युवती र प्रौढहरुमा गरेको एउटा अध्ययन अनुसार २०-२४ वर्ष उमेर समुहका बिबाहित युबतीहरु मध्ये एक तिहाईले हिँसा बेहोरेको कुरा ब्यक्त गरे (लामिछाने एट. अल. २००१) । यसै गरि अबिबाहित भन्दा बिबाहित महिला हरुले बढी हिँसा भोगेको पाइएको थियो । बिबाहिताहरुमा जबर्जस्ति यौन सम्पर्क राख्नेदेखि पिट्ने सम्मका हिंसाहरु देखिए ।

दक्षिण एसियामा महिला र केटि बिरुद्दको हिँसा सम्बनधि २००१ मा गरिएको एउटा अध्ययनमा काठमाडौँमा महिला हिँसा सहयोग लाइन मा महिलाहरुबाट आएका ६२४ वटा उजुरी मध्ये १०७ वटा श्रीमानले श्रीमतीलाई पिटेको सम्बनधि थिए ि यी मध्ये ५८% हिंसाहरु प्रत्यक दिन घरमा हुने, ७७ % घर परिवारकै सदस्यहरुबाट हुने, ६६ % महिलाहरु गालि गलौजबाट, ६१% मानसिक यातनाबाट र ३३%

आबेगात्मक हिँसाबाट पिडित भएको पाइएको थियो । यो हिंसाका मुख्य कारण हरुमा दाइजो, मादक पदार्थ सेवन, महिलाहरुको बाँझोपन र श्रीमान वा श्रीमतीको संकास्पद चरित्र आदि थिए (सापकोटा, २०११) ।

शर्मा (२००७) का अनुसार नेपालमा लैंगिक हिंसा पुरुषको महिला प्रतिको धारणा मा भएको समस्या हो । पुरुषहरु आफुलाई संधै महिला भन्दा उच्च महसुस गर्छन, महिला लाइ आफ्नो नियन्त्रण मा राख्न चाहन्छन र आफ्नो इच्छा मूताबिक चलाउन चाहन्छन । यदि महिलाले उनीहरुको भावना बुझेनन् र त्यसै अनुसार पुरुषलाइ उत्पादन, पुनरुत्पादमा र घरायसी कामहरुमा सहयोग गरेनन भने हिँसामा समेत उत्रिन सक्छन । नेपालमा एक तिहाइ महिलाहरु घरेलु हिंसाबाट पिडित छन् । तर धेरै जसो घरेलु हिंसाहरु कुनै औपचारिक र अनौपचारिक संस्थामा अभिलेखीकरण गरिएका छैनन् । सबै भन्दा धेरै यौन हिंसा, त्यस पछी आर्थिक, भौतिक र सबै भन्दा धेरै मनोबैज्ञानिक हिंसा भएको पाइन्छ । महिला हिंसाका प्रमुख कारणहरुमा महिलाहरु अशिक्षित हुनु, बिबाहमा दाइजो कम ल्याउनु, महिलाको श्रोत माथि नियन्त्रण नहुनु, बेस्यावृत्ति मा संलग्न महिलाहरुमा शिक्षाको अभाब लगायत छन् । महिला हिंसा कम गर्न हिंसाका पीडकहरुलाई कानुनको कठघरामा ल्याउन कडा कानुनको व्यवस्था र शिक्षा र तालिम योजना र लागु गर्नु राज्यको पहिलो आबस्यकता हो ।

संजय ढकाल (२००८) का अनुसार नेपालमा अहिले पनि दशौं हजार महिलाहरु घरयासी हिँसाबाट पिडित छन् । करिब ८०% अबस्थाहरुमा पीडकहरु आफ्नै घर परिवारका सदस्य हुन्छन । राजनीतिक चेतना बढे पनि महिलाहरुमाथिको अत्याचार र विभेद बढ्दो क्रममा छ र हिँसा सामान्य जस्तै भएको छ । घरेलु हिंसाका कारणहरु मध्य दाइजोसंग सम्बन्धित हिंसा पहिलो, श्रीमानद्वारा बहुबिबाह दोश्रो र बोक्सीको आरोप मा यातना तेश्रोमा पर्छन ।

प्रहरीको महिला तथा बालबालिका सेल, कास्कीमा २००७ मा प्रहरीको मुख्य कार्यालयमा महिला बिरुद्दको हिंसाका ११०० मुद्दाहरु दर्ता भएका थिए । यी महिला बिरुद्दको हिंसाका औपचारिक मुद्दा हुन् भने अनौपचारिक रुपमा यसको धेरै गुना हिंसात्मक अबस्था छ ।

जहाँ कानुनी राज्य हुन्छ त्यहाँ कानुन अदालत तथा न्यायमा विश्वास गरिन्छ । तर व्यावहारिकतामा त्यो तथ्य पाउन सकिएको पाइँदैन । नेपालबाट बालिका तथा महिलाको जीउ मास्ने बेच्ने कार्यका लागि भारतमा बेच विखन हुँदै आएको पाइन्छ । उक्त कार्यको रोकथामका लागि सन् १९६३ देखि नै कानुनको निर्माण भइसकेको तथा हाल उक्त कार्यको रोकथाम गर्नका लागि मुलुकी ऐन तथा जीउ मास्ने बेच्ने सम्बन्धी ऐन लागू रहेको भए तापनि अपेक्षाकृत उपलब्धी हासिल हुन नसकेका अवस्थाबाट विद्‌यमान कानुनी व्यवस्था प्रभावकारी नभएमा त्यस्ता व्यवस्थाबाट आशावादी हुन् भने सकिँदैन (श्रेष्ठ, २००१) ।

वर्तमान अवस्थामा महिलाको स्थिति वारे प्रकाश पार्ने क्रममा कूल जनसंख्याको आधा भाग ओगट्ने महिला वर्गले महिला भएकै कारणले गर्दा सामाजिक, आर्थिक, राजनैतिक असमानता भोग्नु परेको पाइन्छ ।

नेपालको संविधानले कुनै पनि नागरिक माथि जाति, भाषा, धर्म, लिंगका आधारमा भेदभाव नगरिने भनिएको भए तापनि महिला माथि भेदभावपुर्ण व्यवहार गर्ने कानूनी व्यवस्थाको विद्यमान रहेको बारे चर्चा गर्दै अंशवन्डाको महलमा एक भन्दा बढी पत्नी भएमा सबै पत्नीको लोग्नेको अंशमा बराबर हक लाग्ने व्यवस्था भएबाट बहुविवाहले प्रश्रय पाएको देखिन्छ भनि चर्चा गरेका छन् (रेग्मी, २०००) ।

महिलालाई गरिने गाली, बेइज्जती, पारिवारीक भेदभाव, दाइजो नल्याएका कारण गरिने भेदभाव, श्रीमानले श्रीमतीको इच्छा विपरीत राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने बाध्यता, घरमा सबैभन्दा पछि खानपर्ने चलन जस्ता सम्पुर्ण कुराहरु महिला हिंसाका स्वरुपहरु हुन् । यस्ता सम्पूर्ण खाले हिंसाबाट महिलाहरुको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ (राजभण्डारी, २०५५) ।

## २.९ घरेलु महिला हिंसाको प्रकृति

सापकोटा (२०११) का अनुसार अरु हिंसात्मक अपराध भन्दा घरेलु हिँसाका निम्न फरक चरित्रहरु हुन्छन् :

१. यो पिडितको सबै भन्दा नजिकको मान्छे जस्तै लोग्ने वा केटा साथी बाटै हुन्छ ।

२. यो समाजले सहयोग र हेर बिचार गर्ने भनेर ठानिएको सुरक्षित ठाउमै हुन्छ ।

३. यो चक्रिय रुपमा पटक पटक हुन्छ ।

४. पीडकले पिडितलाई नियन्त्रण र सजाय दिन यो हिँसा गर्छन ।

५. यो हिंसाले पिडितमा मानसिक र मनोबैज्ञानिक असर पार्छ र पनि पिडितलाई नै हिंसाको मुख्य कारण मानिन्छ ।

## २.१० घरेलु हिंसालाई प्रभाव पार्ने तत्वहरु (सापकोटा, २०११)

- पितृसत्तात्मक समाज, सामाजिक अभ्यास, संस्कृति, धारणा र परम्परा
- विभेदकारी कानुन (नेपालमा विभिन्न कानुन र संबिधान मा ११८ वटा कानुनि व्यवस्थाहरु महिलाको लागि विभेदकारी छन् । )
- संचार माध्यमले फैलाउने हल्ला
- आर्थिक परनिर्भरता
- चेतना, क्षमता र रोजगारको अभाव
- परम्परागत पालन पोषण पद्दति (महिलाहरुलाई हुर्काउंदै उनिहरु पुरुष भन्दा कमजोर छन् भनेर सिकाइन्छ । अनि आफ्नै आमा र दिदि बहिनिहरु हिंसाबाट पिडित भएको देखि रहेका हुन्छन । )
- गरिबीको दुश्चक्र (एकातिर छोरीले आफ्नो भाइ र बहिनि स्याहार गर्नु पर्छ भने अर्को तिर उनका बुवा आमाले पढाउन स्कुल पठाउन सक्दैनन् ।)

## २.११ घरेलु हिंसाका प्रकारहरु

सुनिता (२०११) का अनुसार घरेलु हिंसा निम्न पांच प्रकारका हुन्छन :

- **भौतिक हिंसाः** यसमा भौतिक पिडा दिने गरि हिँसा गरिन्छ । यसमा पिट्ने, थप्पड लगाउने, गालामा हान्ने, कान बटार्ने, कपाल तान्ने, लात्ताले हान्ने, आगो लगाउने, पोल्ने, लछार-पछार गर्ने, हात-हतियार देखाएर तर्साउने, यौन अंगमा पिडा दिने, बोक्सी र राडी भनेर दुख दिने आदि पर्दछन ।
- **यौनजन्य हिंसाः** महिलाले पुरुषको यौन इच्छा पुरा गर्न नसकेको कारण हुने हिंसाहरु यसमा पर्छन । यसमा थर्काएर जबर्जस्ती सम्भोग गर्ने, बलजफती बेश्यावृतति वा अन्य कुनै यौन जन्य कियाकलापमा लगाउने आदि जस्ता कियाकलापहरु पर्छन ।
- **मनोबैज्ञानिक हिँसाः** यसमा थर्काउने र हेप्ने, गालि गर्ने, छोडीदिन्छु भन्ने, पिछा लाग्ने, मुखले मनपरी भन्ने, मानसिक यातना दिने आदि पर्दछन ।
- **आबेगात्मक हिँसाः** यसमा डर, लाज, सार्बजनिक बेइज्जति, निरन्तर पिडा, एक्लाउने, होच्चाउने जस्ता कियाकलापहरु पर्दछन ।
- **आर्थिक हिँसाः** आथिर्क रुपमा काम गर्न नदिने, महिलाको कमाइ सोषण गर्ने, स्वास्थ्य, खाना, आधारभूत आबस्यकता र रोजगार गर्न रोक्ने जस्ता कियाकलापहरु पर्दछन ।

वास्तवमा शारीरिक यातना जस्तो कुटपिटलाई मात्र हामीले हिंसा मान्न सक्दैनौं । मानसिक, धार्मिक तथा कानुनी रुपमा भएका यातनालाई पनि हिंसाकै कोटीमा राखेर अध्ययन गरिनुपर्ने हुन्छ । प्रस्तुत अध्ययनमा अध्ययन गरिएका महिलाहरु कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन्, उनीहरुले भोगिरहेका हिंसाका कारणहरु के-के छन्, उनीहरुको सामाजिक, आर्थिक पृष्ठभूमि कस्तो रहेको छ भन्ने तथ्यलाई मुख्य रुपमा अध्ययन गरिएको छ ।

# अध्याय-तिन : अध्ययन क्षेत्र

## ३.१ कास्की जिल्लाको संक्षिप्त परिचय

पूर्वमा लमजुङ्ग र तनहुँ, पश्चिममा स्याङ्गजा र पर्वत, उत्तरमा मनाङ र म्याग्दी र दक्षिणमा स्याङ्जा र तनहुँले घेरिएको कास्की जिल्ला २०१७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो जिल्लाको उचाई समुन्द्री सतहबाट ४५० देखि ७९६९ मिटरसम्म छ भने जिल्ला सदरमुकाम ७५० मिटर उचाइमा रहेको छ । समशितोष्ण देखि शितोष्ण हावापानी पाइने यस जिल्लामा न्यूनतम ३०६८ मि.मि. ३३५३.३ मि.मि. सम्म वर्षा हुन्छ । यहांको अधिकतम तापक्रम अप्रिल महिनामा ३३ डिग्री से. सम्म र न्यूनतम तापक्रम जनवरीमा ५.६ डिग्री से. सम्म पुग्दछ ।

कास्की जिल्लाबाट उत्पत्ति भएर तथा यस जिल्लालाई मार्ग बनाएर बग्ने प्रमुख नदीहरुमा सेती, मादी, मोदी र गण्डकी र खोलाहरुमा फुस्रे खोला, विजयपुर, म्याग्दी, खहरेखोला आदि पर्दछन् । फेवाताल, वेगनासताल, रुपाताल, दिपाङग, मैदी, न्यूरेनी, गुँदे, खास्टे र बुडुवा जस्ता तालहरु, माछापुछ्रे, अन्नपूर्ण (प्रथम), अन्नपूर्ण (द्वितीय) जस्ता हिमश्रृङ्खलाहरु र शान्ति कुण्ड र डेभीस फल्स (पाताले छाँगो) जस्ता झरनाहरु कास्की जिल्लामा अबस्थित छन् । महेन्द्रगुफा, चमेरे ओडार, गुप्तेश्वर महादेव गुफा, विन्ध्यवासिनी मन्दिर, ताल वाराही, भद्रकाली, बौद्दगुम्बाहरु, शान्ति स्तुप, डेभिज फल्स (पाताले छाँगो), फेवाताल, वेगनास ताल, रुपाताल, सेती नदी, घान्द्रुक, सिक्लेस, सराङ्गकोट, अन्नपूर्ण वेस क्याम्प, पञ्चासे डाँडा, पुम्दीकोट, भुम्दीकोट, काहूँको भ्यूटावर र चार्ल्स ट्रेकिङ्ग रुट आदि यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरु हुन् ।

यस जिल्लामा उपोष्ण आद्र, न्यानो समशितोष्ण आद्र, ठण्डा समशितोष्ण आद्र, उच्च पर्वतीय र आर्कटिक प्रकारको हावापानी पाइन्छ । यस जिल्लामा मिहिन बलौटे पाँगो माटो, रातो फुस्रो माटो, उर्वर पहाडी कालो माटो र हिमाली पेरिग्लेसिएल जमेको माटो पाइन्छ । यहाँ पाइने खनिज पदार्थहरुमा अभुख (खुदी खोलाको क्षेत्र), मूल्यवान ढुङगाहरु (हिमाली क्षेत्रहरुमा), सुन (नदीको बालुवामा), तामा आदि मुख्य हुन् ।

कास्की जिल्लामा रहेको जमीनको जम्मा क्षेत्रफल २०,१८५६ हेक्टर मध्य खेती योग्य, चरण क्षेत्र २८३६१ हे. (९१४.१%), बन क्षेत्र ८९,०८७ हे. (९४.५%), झाडी २४८८१ हे. (१२.३%), पानी : १८०३ हे. (०.९०%), हिउँ क्षेत्र १०,४१७ हे. (५.२%) र बाँझो जमिन ७४३२ हे. (३.६८%) रहेको छ (जिल्ला बिकास समितीको कार्यालय, २०६८) ।

कास्की जिल्लामा ४३ गा.वि.स., १ उप-महानगरपालिका, १ नगरपालीका र १३ इलाका र ४ निर्बाचन क्षेत्रहरु रहेका छन । यस जिल्लामा विन्ध्यवासीनी, वाराही मनदिर, भद्रकाली मनदिर जस्ता धामिर्क स्थलहरु रहेका छन् भने सराङ्गकोटको पर्यटकीय स्वरुप, अर्मलाकोट (पुरानो घले राज्य रहेको ठाउँ), धारापानी शिवालय (ढिकुरपोखरी), महाप्रभुले आफ्नो गुरुको स्मृतिमा निर्माण गरिएका प्रभु बसेको ठाउँ, रतन पाण्डे मन्दिर, झुप्पै चौतारा (आर्वा), ठूली पोखरी (कास्कीकोट), विन्ध्यवासिनी मन्दिर, बौद्द स्तुपा, कास्कीकोट

कालिका गुठी र कुलमण्डन शाह दरवार, पाताले छांगो, महेन्द्र गुफा, भलामको हरिहरगुफा, सादिर्खोलाको नुनिलो तातोपानी, पुरुन्चौरको तक्मे देउराली, विश्वशान्ति स्तुपा, माछापुच्छे, अन्नपूर्ण, धवलागीरी, माद्रीका, सराङ्गकोट, भलामडाँडा, काहुँडाँडा र गुप्तेश्वर गुफा जस्ता ऐतिहासिक स्थलहरु रहेका छन् (गाउँ विकास समितिको वस्तुगत विवरण पुस्तक, २०६५) ।

यहाँका बासिन्दाहरु मध्ये कृषि पेशामा ६७.२५%, व्यापार व्यवसायमा २.०५%, विदेशी कामदारमा ५%, गृहिणीमा, ११.७५%, सरकारी नोकरीमा ६.३% र अन्यमा ७.३% संलग्न छन् ।

## ३.२ पुम्दी भुम्दी गाउँ विकास समितिको परिचय

यस अध्ययनको लागि कास्की जिल्लाको पुम्दी गाउँलाई लिइएको छ । पुम्दी भुम्दी गा.वि.स. पोखरा उपत्यकासँग जोडिएको छ । पोखरा उपत्यकादेखि दक्षिण-पश्चिम भूभागमा अबस्थित यस गा.बि.स. २३.११ वर्ग कि.मि. मा फैलिएको छ । समुन्द्री सतहदेखि करिब ७००-१२०० मि. सम्मको उचाइमा अवस्थित मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण यो क्षेत्र पूर्वमा पोखरा उपत्यका, पश्चिममा चापाकोट, उत्तरमा फेवाताल दक्षिणमा कृष्ति नाच्नेचौर, स्याङ्गजा जिल्लाको फेदीखोला र आरुखर्क गा.वि.स.का बीचमा रहेको छ ।

समशीतोष्ण हावापानी रहेको यस गाउँमा कूल भू-भागको ३३.३७% अर्थात ४०३४ हेक्टर वनजंगल रहेको छ । धामिर्क दृष्टिकोणले पुम्दिकोट, भूम्दिकोट, विश्व शान्तिस्तुप र हानासाकियामा (फूल फुल्ने पहाड) आदि प्रख्यात रहेका छन् । विगतका पुम्दी र भुम्दी नाम गरेका दुई ठूला गाउँहरुको नामको समीकरण गरी पुम्दीभुम्दी गा.वि.स.को नामकरण गरिएको हो ।

वि.सं. २०६८ सालको जनगणना अनुमान अनुसार यस गा.वि.स. मा करिब ७२२५ जनसंख्या रहेकोमा पुरुष ३६९१ र महिला ३६३४ रहेका छन् । यस गा.वि.स. मा ब्राम्हणको वाहुल्यता रहेको छ । अध्ययन क्षेत्रको रुपमा पुम्दी भुम्दी गा.वि.स. को वडा नं. ५ को दक्षिणी क्षेत्र छानिएको छ ।

यहाँका मानिसको मुख्य पेशा कृषि हो । आयआर्जनका लागि पुरुषहरु कृषिको अतिरिक्त जागिर व्यापार एवं ज्यालादारी काम र महिलाहरु घरको तथा कृषि पेशामा लागेका छन् ।

यस क्षेत्रका अधिकांश मानिसहरु हिन्दू र त्यसपछी बौद्द धर्म मान्दछन् । गुरुङ्गहरुको आफ्नो भाषा आफ्नो परिवारका वातावरणका मात्र बोलिने गरिएको छ । पुम्दी भुम्दी गा.वि.स. को कार्यालयका अनुसार यस गा.वि.स. मा महिला बिकास केन्द्र, महिला जागरण मंच, पंचासे वन संरक्षण कार्यक्रम, उप-स्वास्थ्य चौकी, अभियान समुह लगायतका सरकारी तथा गैरसरकारी निकायहरु कार्यरत छन् ।

# अध्याय-चार : अनुसन्धान पद्दति

## ४.१ पृष्ठभूमि

यस अध्यायमा अनुसन्धान क्षेत्रको छनौट र त्यसको औचित्य, अनुसन्धान ढांचा, अध्ययनको समग्रता र नमुना छनोट र तथ्यहरुको श्रोत तथा प्रकृति सम्बन्धी चर्चा गरिएको छ । त्यस पछि तथ्याङ्क संकलन विधिहरु अन्तर्गत प्राथमिक श्राेत, अन्तर्वार्ता, अवलोकन र प्रश्नावली सूची बारे छलफल गरिएको छ । अनि तथ्याङक विश्लेषण र प्रस्तुतीकरण र द्वित्तीय श्रोत बारे छोटकरीमा उल्लेख गरि यस अध्ययनका सीमा र अन्त्यमा प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता प्रस्तुत गरिएको छ ।

## ४.२ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययनमा अध्ययन क्षेत्रका रुपमा कास्की जिल्लाको पुम्दी भुम्दी गा.वि.स. लाई छनौट गरिएको छ । नेपालको परिवेशमा हेर्दा एक पहाडी सुगम जिल्ला कास्कीको पुम्दी भुम्दी गा.वि.स. पोखरा उपमहानगरपालीका संगै जोडिएर रहेको छ । यद्यपि यस जिल्लाको परिवेशमा हेर्दा यहांका महिलाहरु घरेलु हिंसाबाट निकै पिडित छन् भन्ने कुरा माथि साहित्यको पुनराबलोकनमा उल्लेख भैसकेकै छ । साथै त्यहाँका महिलाहरुको जनजीवन निकै कष्टकर ढंगबाट अगाडि बढिरहेको र झगडा तथा हिंसाका घटना पनि पर्याप्त नै रहेको सन्दर्भ समेत छ । उक्त गा. बि. स. को वडा नं. ५ को दक्षिणी क्षेत्र सिद्दार्थ राजमार्ग संग जोडिएको भएता पनि बाहुन, क्षेत्री र दलितहरुको समेत बस्ति रहेको र हिंसा पिडित महिलाहरुको संख्या समेत ठुलो भएको अनुभूति गरिएको कारण उक्त क्षेत्रलाई यस अध्ययनको लागि छनौट गरिएको थियो ।

## ४.३ अनुसन्धान ढाँचा

अध्ययनका क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक ढाँचाको अलवम्वन गरिएको छ । यसै क्रममा महिलाहरुको सामाजिक, आर्थिक अवस्था, उनीहरुले भोगेका हिंसा तथा हिंसाका कारणहरु र बचाउका उपायहरुलाई सामान्य रुपमा वर्णन गरी महिला माथि हुने गरेका घरेलु हिंसाको अवस्थालाई प्रष्ट्याउने प्रयास गरिएको छ ।

## ४.४ अध्ययनको समग्रता र नमुना छनोट

यस अध्ययनको समग्रतामा पुम्दी भूम्दी गा.वि.स. को वार्ड नं. ५ को दक्षिणी भेगका १५० घरपरिवार मध्यबाट २० प्रतिशत घरपरिवारलाई सम्भाव्य नमुना छनौट गरी प्रत्येक घरपरिवारबाट १-१ जना महिलालाई उत्तरदाताका रुपमा छनौट गरी ३० घरको अध्ययन गरिएको छ । यसरी घर छनोट गर्दा ब्रम्हाण, क्षेत्री, दमै, कामी जस्ता त्यहाँ उपस्थित सबै जनजातीको प्रतिनिधित्व हुने गरी तथा धनी, मध्यम र गरीब सबै प्रकारको आयआर्जन गर्ने समूहहरुको समेत प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक रुपमा नमुना छनौट गरिएको थियो ।

## ४.५ तथ्यहरुको श्रोत तथा प्रकृति

यस अध्ययनका कममा गुणात्मक तथा संख्यात्मक तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथा द्विवत्तीय श्रोतको प्रयोग गरी अध्ययनका कममा तथ्याङकको संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्क संकलन उत्तरदातासँगको अन्तर्वार्ता, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, अवलोकन आदिबाट गरियो भने द्विवत्तीय तथ्याङक स्थानीय संघ संस्थाको रेकर्ड, यस सम्बन्धमा प्रकाशित भएका लेख रचना आदिबाट लिइएको छ ।

## ४.६ तथ्याङक संकलनका विधिहरु

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको उद्देश्यबाट स्पष्ट भई तथ्याङक संकलन गर्नु पर्दछ । संकलित तथ्याङकका आधारमा नै सम्पूर्ण अनुसन्धान कार्यको परिणमलाई देखाउन सकिने भएकाले सत्यतथ्य सूचना संकलनका विशेष जोड दिइएको छ । अध्ययनका कममा निम्नलिखित विधिहरु अपनाइएको थियो ।

### ४.६.१ प्राथमिक श्रोत

अनुसन्धानमा प्राथमिक तथ्याङक अनुसन्धानकर्ता स्वयंले प्रत्यक्ष रुपमा उत्तरदातालाई भेटेर प्रश्न गर्ने, अवलोकन गर्ने र सहभागी हुने प्रकिया बाट संकलन गरिएको छ । त्यस्तै व्यक्तिगत तथा सामुहिक भेट, भेला र अन्तर्वार्ता लाई पनि प्राथमिक तथ्याङक संकलनका औजारको रुपमा प्रयोग गरिएको थियो ।

#### ४.६.१.१ अन्तर्वार्ता

औपचारिक र अनौपचारिक रुपमा कुनै अनुसन्धानमा निर्दिष्ट उद्देश्यका लागि लक्षित प्रश्नहरुको उत्तर प्राप्त गर्न उत्तरदाता र अन्तर्वार्ताकारका बीच हुने दोहोरो व्यवस्थित वार्तालाप नै अन्तर्वार्ता हो ।

अध्ययनका कममा आवश्यक तथ्यांक संकलन गर्न ३० जना संग अर्धसंरचित प्रश्न सोधेर व्यक्तिगत रुपमा अन्तर्बार्ता लिइयो । अन्तर्वार्ताका लागि उमेरको हद तोकिएको थिएन किनभने जुन उमेर समूहका महिलामाथि पनि घरेलु हिंसा हुने गर्दछ । उत्तरदाताको अनुकूल समय मिलाई अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्तामा महिलाहरुको सामाजिक र आथिर्क पृष्ठभूमि, हिंसा हुनाका कारण, यसको असर र यसप्रति सम्बनधित महिलाहरुको अवधारणा सम्बन्धी तथ्याङक संकलन गरिएको छ । अन्तर्वार्ता लिएका व्यक्तिहरुको नामावली अनुसूची मा उल्लेख गरिएको छ ।

#### ४.६.१.२ अवलोकन

अनुसन्धानकर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै अनुसन्धान परिवेशलाई नियाँल्दछ भने त्यसलाई अवलोकन भनिन्छ । खास उद्देश्य प्राप्त गर्न कार्य क्षेत्रमा नै पुगेर प्राकृतिक प्रकृति

बुझ्ने विधि नै अवलोकन विधि हो । मानिसका प्रत्येक व्यवहार, क्रियाकलाप, हाउभाउ, आचरण जस्ता मनोवैज्ञानिक पक्षलाई नजिकबाट नियाल्ने कार्य अवलोकनमा गरिन्छ ।

यस अध्ययनमा छनौटका पीडित पक्षबाट तथ्य संकलन गर्ने क्रममा पीडित पक्षको शारीरिक अवस्था जाँच्न घाउचोट, नीलडाम आदिको अवलोकन तथा मानसिक अवस्थाको जानकारीको लागि प्रतिशोधको भावना, डराएको मनस्थिति, निराश आदि कस्तो अवस्थामा आएका हुन्छन् भन्ने बारे अवलोकन गरीयो ।

### ४.६.१.३ प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता

अनुसन्धानका क्रममा प्रमुख जानकार व्यक्ति भन्नाले सम्बन्धित अध्ययन क्षेत्रका सचेत र अगुवा व्यक्तिहरु जस्तै समुदायका मुखिया, शिक्षक, समाजसेवी, गुरु, नेता आदिलाई  जनाउँछ । अनुसन्धानका क्रममा हुने सहयोग र कठिनाईहरुबाट पार पाउनका लागि यो वर्गले निकै ठूलो सहयोग पुर्याउँछ ।

यस अध्ययनमा आवश्यक तथ्याङक प्राप्त गर्नका लागि कास्की जिल्लाको पुम्दी भूम्दी गा.वि.स. वडा नं. ५ का थुप्रै जानकार व्यक्तित्वहरुसँग हिंसाका कारण, प्रकार तथा समाधानका प्रयासहरुको बारेमा औपचारिक र अनौपचारिक प्रश्न सोधी जानकारी संकलन गरिएको थियो ।

### ४.६.२ द्वित्तीय श्रोत

अनुसन्धानकर्ताको आफ्नो अनुसन्धानको विषय अनुरुप द्वित्तीय श्रोत जस्तै लेख, रचना, समीक्षा, प्रकाशन, अभिलेख, व्यक्तिगत डायरी, पत्रपत्रिका, जीवन वृत्तान्त, कुनै व्यक्ति, संगठन, कार्यालय आदिबाट तथ्याङ्क संकलन गरिन्छ । यस अध्ययनका क्रममा द्वित्तीय तथ्याङक सम्बन्धित संस्था तथा  तथा कार्यालय र अन्य पत्रपत्रिकामा प्रकाशित सामाग्री, लेख रचना, पुस्तक आदिबाट लिइएको थियो ।

### ४.६.३ तथ्याङक विश्लेषण र प्रस्तुतीकरण

छनोटमा परेका महिलासँग प्रत्यक्ष रुपमा प्रश्न सोधी संकलन गरिएका तथ्याङ्कहरु र  विभिन्न पत्रपत्रिका,  कार्यालय, पुस्तकालय आदिबाट संकलीत द्वित्तीय श्रोतका तथ्यांकहरुलाई गुणात्मक ढंगबाट प्रस्तुत गरिएको छ ।

### ४.७ अध्ययनको सीमा

हिंसाको क्षेत्र बृहत हुने भएता पनि सिमित समय समेतको कारण यो अध्ययन सानो क्षेत्रमा मात्रै संचालन गरिएको कारण यसले नेपालका सबै महिला वर्ग प्रति हुने गरेका हिंसाको प्रतिनिधित्व गर्न सक्ने अवस्था छैन । स्नातकोत्तर अध्ययनको लागि आंशिक आवश्यकता पूर्तिका लागि लक्षित गरि कास्की जिल्लाको पुम्दी भूम्दी गा.वि.स. को हिंसापीडित क्षेत्रका महिलाको मात्र अध्ययन गरिएको छ । यो अध्ययन घरेलु महिला हिंसामा मात्र सिमित छ ।

# अध्याय-पाँच : अध्ययनको परिणाम र छलफल

## ५.१ पृष्ठभूमि

यस अध्यायमा अध्ययन गरिएका महिलाहरुको उमेर अनुसारको विवरण, महिलाको परिवारको प्रकार, उनीहरुको जातिगत विवरण र शैक्षिक, आर्थिक र धार्मिक अबस्था उल्लेख गरिएको छ । त्यसपछि महिलाले भोगेको हिंसा, उमेरक्रम अनुसारका हिंसाका प्रकारहरु, असर, कारण र धारणा अन्तर्गत महिला विरुद्दको हिंसा, महिलाको उमेरक्रम अनुसारको हिंसा, हिंसाका प्रकारहरु, महिलाहरुमाथि हिँसा हुनुका र सहनुका कारणहरु, महिलाहरुमा हिंसाबाट पर्न गएको असर र महिला विरुद्दको हिंसा रोकथाम बारेको धारणा बारे चर्चा गरिएको छ । अन्त्यमा कानुनी व्यवस्था तथा सम्बन्धित संघ संस्थाको जानकारी प्रस्तुत गरिएको छ ।

## ५.२ उमेर अनुसार महिलाहरुको विवरण

यस अनुसन्धानको क्रममा अध्ययन गरिएका महिलाहरुको उमेर अनुसारको विवरण निम्नानुसार छ :

तालिका नं. १ : अध्ययन गरिएका महिलाहरुको उमेर अनुसारको विवरण

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १०-२० | ८ | २६.६७ |
| २१-३० | ७ | २३.३३ |
| ३१-४० | ९ | ३० |
| ४१-५० | ६ | २० |

अध्ययनका क्रममा उत्तरदाता महिलाको उमेरको हद नतोकिएको कारण उत्तरदाता महिला अन्तर्गत वाल्यावस्थाका महिला, किशोरावस्थाका महिला, युवा अबस्थाका महिलाका साथै प्रौढावस्थाका महिलाहरुको समेत अध्ययन गरिएको थियो । जुन अध्ययनमा विभिन्न उमेर चक्र अनुसार उत्तरदाता महिलाको हिंसाको प्रकार पनि फरक खालको भएको पाइयो । जसलाई पछाडी व्याख्या गरिएको छ ।

### ५.२.१ महिलाको परिवारको प्रकार

नेपाली समाजमा निम्न तीन प्रकारका परिवार पाइन्छन् ।

क) एकात्मक परिवार ख) संयुक्त परिवार ग) बृहत परिवार

यी माथिका परिवारहरु मध्ये हिजोआज आएर एकात्मक र संयुक्त परिवारको बाहुल्यता रहेको छ । प्रस्तुत अध्ययनमा महिलाहरुको परिवारको प्रकार पनि हेरिएको थियो जुन तलको तालिकामा प्रस्तुत गरीए अनुसार एकात्मक र संयुक्त मात्रै भएको पाइयो ।

तालिका नं. २ : महिलाहरुको परिवारको प्रकार

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १२ | ४० |
| संयुक्त | १८ | ६० |
| जम्मा | ३० | १०० |

विश्व आधुनिकता तर्फ लम्किरहेको यो समयमा नेपाली समाजमा पनि पश्चिमी शैलीको प्रभाव परेर होला मानिसहरु एकात्मक परिवारमा बढी बस्न रुचाएको देखिन्छ । परिवार एकात्मक भएपनि घरेलु हिंसाले भने उत्तिकै मात्रामा आफ्नो जालो फिजाएको अध्ययनको क्रममा पाइयो ।

### ५.२.२ महिलाहरुको बैबाहिक विवरण

यस अनुसन्धानको क्रममा अध्ययन गरिएका महिलाहरुको बैबाहिक विवरण निम्नानुसार छ :

तालिका नं. ३ : उत्तरदाता महिलाहरुको बैबाहिक विवरण

| बैबाहिक अबस्था | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| बिबाहित | १५ | ५० |
| ऋबिबाहित | १२ | ४० |
| बिधवा | ३ | १० |
| जम्मा | ३० | १०० |

अध्ययनको लागि छनौट भएका मध्य सबै भन्दा धेरै बिबाहित महिला थिए । बिधवा महिलाहरु जम्मा ३ जना मात्रै छनौट गरिएको थियो ।

### ५.२.३ महिलाहरुको जातिगत विवरण

अध्ययनको लागी छनौट गरिएका उक्त क्षेत्रमा बसोबास गर्ने महिलाहरुको जातिगत बिबरण निम्नानुसार थियो ।

तालिका नं. ४ : महिलाको जातिगत विवरण

| जातजाति | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| बाहुन | १८ | ६० |
| क्षेत्री | ३ | १० |
| द्यलित | ९ | ३० |
| जम्मा | ३० | १०० |

### ५.२.४ महिलाहरुको शैक्षिक अवस्था

यस अध्ययनको लागि छनौट गरिएका उत्तरदाता महिलाहरुको शैक्षिक अवस्था निम्नानुसार पाइयो ।

तालिका नं. ५ : महिलाको शैक्षिक विवरण

| पढाइको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ४ | १३.३३ |
| सामान्य शिक्षित | १३ | ४३.३३ |
| बिद्यालय स्तर | ८ | २६.६६ |
| बिश्वबिद्यालय स्तर | ५ | १६.६६ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार कुल छनोटका महिलाहरु मध्ये विद्यालय तथा विश्वविद्यालयबाट औपचारिक शिक्षा हासिल गरेका महिलाको संख्या अशिक्षित र सामान्य शिक्षित महिलाको भन्दा कम रहेको पाइयो । नेपाली समाज नारी शिक्षाप्रति उदार देखिएको र महिलाहरु शिक्षा हासिल गर्न अग्रसर भएको कुरा माथिको तालिकाले देखाउँछ ।

### ५.२.५ महिलाको आर्थिक अवस्था

यस अध्ययनमा छनौट गरिएका महिलाहरुको आर्थिक अवस्था जान्नका लागि उनीहरुले अपनाउँदै आएको पेशालाई तलका तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : पेशाको आधारमा महिलाको विवरण

| महिलाको कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर (स्थायी+अस्थायी) | ३ | १० |
| ब्यापार | ५ | १६.६६ |
| गृहिणी (घर भित्रै सिमित) | १२ | ४० |
| सीपमुलक (सिलाई-बुनाई) | ७ | २३.३३ |
| बिद्यार्थी | ३ | १० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार कुल छनोटका महिला मध्ये गृहिणीको संख्या नै अधिक रहेको छ । जस अन्तर्गत वालवच्चा जन्माउने, हुर्काउने, घरमा खाना पकाउने, खुवाउने, घरका अन्य सदस्यको हेरचाह गर्नुपर्ने, गाई, भैंसी, भेंडा बाख्रा जस्ता पशुपंक्षीको सामान्य स्याहार-सुसार गर्ने तथा घरभित्रको चुल्हो, चौकोमा नै जीवन बिताउने महिला पर्दछन् । सानो खाजा पसल चलाउने, तरकारी बेच्ने तथा साना-साना पसल चलाउने जस्ता व्यापार गर्दै आएका महिला १६.६६%, जागिर गर्ने (स्थायी+अस्थायी) महिला १० %, सीपमूलक कामका रुपमा सिलाई, बुनाई, धुवाँ बाहिर फाल्ने जस्ता काममा संकलन महिला २३.३३ % तथा विद्यार्थीका रुपमा १०% महिला रहेका छन् । यसरी माथिको तालिकाबाट घरभित्रै सीमित रहनुपरेको गृहिणीको संख्या छनोटका महिला मध्ये अधिक मात्रामा रहेको पाइयो भने हिजोआज आएर केही गर्नुपर्छ भन्ने भावना बोकेर सीपमूलक तालिममा संलग्न भई सामान्य आय-आर्जन गर्न थालेका महिलाको संख्या गृहिणीको भन्दा केही कम रहेको पाइया । सोभै पैसा आर्जन हुने जागिर खाएका महिला र विद्दार्थीको संख्या भने बराबर रहेको पाइयो ।

### ५.२.६ महिलाको धर्मको विवरण

नेपाली समाज बहु धर्मावलम्वीहरुको समाज भएर पनि यहाँको विशेषता भनेको धार्मिक सहिष्णुता कायम रहनु हो । तर पनी यस अध्ययनमा हिन्दु धर्म मान्ने महिलाहरु मात्रै छनौटमा परेका थिए ।

## ५.३ महिलाहरुले भोगेका हिंसाका प्रकार,  कारण, असर र धारणाहरु

### ५.३.१ महिला विरुद्दको हिंसा

आज २१औं शताब्दीमा आएर पनि राष्ट्र तथा समाजले महिलालाई दोश्रो दर्जाको नागरिकमा राखेको छ । महिलाका अधिकार तथा कर्तव्यहरु पुरुष भन्दा बेग्लै तथा अत्यन्त निर्दयी ढंगका हुँदाहुँदै पनि राष्ट्र तथा समाजले महिलालाई अझै शोषण गर्ने बाटो खोजिरहेको छ । यसका कारण दिनहुँजसो महिलाहरु कुनै न कुनै प्रकारबाट हिंसा पीडित बन्न पुगेका छन् । विकसित शिक्षित समाजमा भन्दा अविकसित अशिक्षित गाउँघरमा हिंसाको संख्या बढी मात्रामा भेट्न सकिन्छ ।

महिलालाई बिहान बेलुकाको समय घरभित्र सीमित बनाइनु र यो श्रम मूल्यहिन हुनु, दिउसोको समयमा पुरुष सरह घर बाहिरको काममा लदाएर समान काममा पुरुष सरह समान ज्याला नदिनु, सानोतिनो काम गरेर आय-आर्जन गरेका महिलाले पनि आफूखुसी खर्च गर्न नपाउनु, घर तथा परिवारका अन्य सदस्यको खुसीका लागि आफ्नो इच्छा विपरितका कार्य पनि गर्नुपर्ने वाध्यता रहनु, बुहारी भएका कारण घरका सम्पूर्ण काम एक्लै भ्याउनु पर्ने तथा गर्भवती र सुत्केरी अवस्थामा आवश्यक स्याहार तथा माया ममताको कमी हुनु, दाइजोको कारण घरपरिवारले दिने शारीरिक तथा मानसिक यातना, घरभित्र पाकेको मीठो-चोखो खान बुहारीलाई नदिकन लुकाएर खाने, छोरी-छोरी जन्माएको निहुँमा लोग्नेले अर्को बिहे गर्ने तथा जागिरे श्रीमती भए पनि जागिरको सिलसिलामा घर आउन ढिला हुँदा श्रीमान तथा घरका सदस्यबाट सतित्व डगिएको लाञ्छना समेत लगाइने जस्ता हिंसा घरेलु हिंसा अन्तर्गत पर्दछन् ।

महिला माथिको हिंसालाई विस्तृत रुपमा विश्लेषण गर्ने हो भने परिवारले मात्र नभइकन समाज तथा राष्ट्रले पनि महिलालाई शोषण गर्ने गरेको देख्न सकिन्छ । विधवा भएका कारण समाजले अनेक लाञ्छना लगाउनु, पोइ टोकुवा भन्नु तथा विधवा महिलालाई साइतमा देखियो भने साइत परेन भन्नु, सामाजिक काममा वहिष्कार गर्नु तथा कुनै पनि काममा विधवा महिलालाई सहयोग नगर्नु, बोक्सीको आरोप लगाई महिलालाई समाजले दिसा खुवाउनु, जलाइदिनु, घरबाट निकालिदिनु तथा आफ्नो घरको आर्थिक अवस्था कमजोर भएका कारण अर्काका घरमा काम गर्न राखेका छोरीचेली माथि घर मालिकले बलात्कार गर्नु र यसका कारण ती महिलालाई समाजले नै वहिष्कार गर्नु आदि समाजबाट हुने हिंसा अन्तर्गत पर्दछन् ।

यस अध्ययनको लागि छनोटमा परेका महिलालाई शारीरिक र मानसिक यातना दिने गरेको पाइयो । शारीरिक यातना अन्तर्गत कुटपिट, अंगभंग, यौनशोषण, जबरजस्ती करणी, यौन व्यापारमा लगाउने, जलाइदिने, अप्राकृतिक रुपमा करणी गर्ने, विमारी पर्दा औषधि उपचार नगर्ने,  श्रमको शोषण गर्ने, बहुविवाह गर्ने तथा प्रजनन स्वास्थ्यमा अधिकार नदिने आदि गरेको भेटियो । मानसिक यातना अन्तर्गत छोराछोरी र छोरी-बुहारीमा असमान व्यवहार गर्ने, गाली बेइज्जती गर्ने,  छोरी भएका कारण विभिन्न अवसरबाट बञ्चित हुनुपर्ने,  महिलाका भावना र अभिव्यक्तिको उपेक्षा गरिने, छोरी भएका कारण शिक्षाबाट बञ्चित हुनुपर्ने,

नचाहिँदा आरोप-प्रत्यारोप लगाईने, आवत-जावतमा प्रतिवन्ध लगाईने, पारिवारिक वहिष्कार गर्ने आदि गरेको अबस्था भेटियो । यस्ता प्रकारका शारीरिक तथा मानसिक हिंसाहरु छनोटका महिलाहरुमाथि सासु, लोग्ने, नन्द, देवर, आमाज्यू, सौता, जेठानी आदिबाट गर्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रमा श्रीमानबाट श्रीमतीमाथि हुने कुटपिट, गालीगलौजका घटना समेत अधिकतम मात्रामा हुने गरेको पाइयो । श्रीमान शिक्षितै भएको अवस्थामा पनि रक्सी सेवन गरी तथा अन्य विविध कारणले स्वास्नी कुट्ने घटना अधिक मात्रामा हुने गरेको भेटियो । छनौटका महिला मध्येका विधवा महिला आफ्ना नावालक सन्तानसँग रही आएका तथा एकल परिवार भएका कारण पारिवारीक हिंसाको शिकार बन्न नपरेको भए तापनि समाजबाट विधवा भएका कारण अपहेलित हुनु परेको, विधवा भएका कारण समाजले नराम्रो दृष्टिले हेर्ने, आर्थिक कारोवारमा विश्वास नगर्ने साथै असुरक्षाको अनुभूति हुने गरेको पाइयो । केही महिलाहरु महिलाबाट नै पीडित भएको पाइयो । जस्तै सासु, नन्द, आमाज्यूबाट महिलाहरु गालीगलौज र सामान्य कुटपिटको शिकार समेत बन्नु परेको तथा घरबाट निकालिनु जस्ता हिंसाबाट पीडित भएको देखियो भने छनोटका अविवाहित महिला परिवारबाट हिंसा पीडित बन्न नपरे तापनि समाजबाट व्यावहारिक रुपमा भेदभावको शिकार बन्नु परेको पाइयो ।

छनौटमा परेका महिलामाथि शारीरिक तथा  मानसिक हिंसाका घटना श्रीमानबाट मात्र भएका नभई महिला वा अन्य पुरुषबाट पनि भएको पाइयो । छनोटका महिला मध्येका विवाहिता महिला सासू, नन्द, फुपु, आमाज्यू, जेठाज्यू, देवर आदिबाट पनि हिंसाको शिकार बनेको पाइयो । अविवाहित केटीहरु बाबुले सौतेनी आमा ल्याएका कारण बाबुबाट पाउनुपर्ने माया र व्यवहारबाट बञ्चित भएरा पीडित बनेको पाइयो । विधवा महिला देवर तथा जेठाज्यूहरुबाट दिइने धम्कीका कारण असुरक्षाको अनुभूति भै मानसिक हिंसाको शिकार बनेको पाइयो । यी समग्र उत्तरदाता महिलामाथि भएका हिंसालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.७ : महिला माथिको हिंसाका कर्ता र प्रकार

| पिडक पक्ष | हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| लोग्ने | कुटपिट, गाली गलौज | १८ | ६० |
| सासु, नन्द, आमाज्यु, ससुरा | कुटपिट, गालीगलौज | ६ | २० |
| देवर, जेठाज्यु | धम्कि | १ | ३.३३ |
| पिता | बाबुको व्यवहारबाट बन्चित | १ | ३.३३ |
| समाज | असुरक्षाको अनुभूति, हेला, भेदभावपूर्ण व्यवहार | ४ | १३.३३ |
| जम्मा | | ३० | १०० |

समग्रमा उत्तरदाता महिलाले अधिक रुपमा लोग्नेबाट हिंसा पीडित बन्नु परेको देखियो भने सासु, ससुरा, फुपु लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा लोग्नेलाई कुरा लगाई पिट्न लगाएको पनि  पाइयो । विधवा महिलालाई देवरहरुबाट ज्यान मार्ने जस्ता धम्की दिने गरेका, सामाजिक रुपमा हेला र घृणाको पात्र बन्न परेको तथा अविवाहितको बाबुको व्यवहारबाट बञ्चित बन्नु परेको देखियो । सकेसम्म सहेर बस्नु पर्ने, लोग्ने तथा परिवारका सदस्यको उजुरी गरेर र फाइदा नभएको धारणा महिलाहरुबाट राख्ने गरेको मुख्य सुचनादाताहरुको रहेको पाइयो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिलाको हक सम्बन्धी उल्लेख छ । यसमा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ, कुनै पनि महिला विरुद्द शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य गरिने छैन र पैतृक सम्पत्तीमा छोरा र छोरीलाई समान हक हुनेछ भन्ने जस्ता प्रावधान भए पनि यी केवल संविधानको कितावमा मात्र सीमित छन् ।

## ५.३.२ महिलाहरुमाथिको उमेरक्रम अनुसारको हिंसा

### क.) महिलाले वाल्यावस्थामा भोगेका हिंसाहरु

अनुसन्धानको क्रममा अध्ययन गरिएका महिलाहरुले बाल्यावस्थामा भोगेका हिंसाहरु निम्न प्रकारका छन्:

तालिका नं ८ : वाल्यावस्थामा भोगेका हिंसाको प्रकार

| हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| पढ्न नपाएको | १५ | ५० |
| बाल बिबाह | १० | ३३.३३ |
| हिंसामा नपरेका | ५ | १६.६७ |
| जम्मा | ३० | १०० |

महिलालाई आफ्नो बाल्यावस्थामा पढ्न नपाउनु तथा उमेरै नपुगी विवाह गरिदिनु पनि परिवारले ऊ माथि गरेको एक प्रकारका घरेलु हिंसा हो । माथिको तालिका अनुसार भाइ बहिनी हेर्ने,  मेला जाने, गोठालो जाने जस्ता विविध घरायसी काममा छोरी सीमित हुनुपर्ने र छोरीले पढ्न नहुने मानसिकताका कारण आफ्नो वाल्यावस्थामा पढ्न नपाएका महिलाको संख्या ५०% रहेको पाइयो । साथै  उमेरै नपुगी बाल अवस्थामा विवाह भएका महिलाको संख्या ३३.३३% रहेको र बाल्यावस्थामा यी माथिको अवस्थाबाट गुज्रन नपरेका महिलाको संख्या १६.६७% रहेको थियो । यस अध्ययनमा बाल्यावस्थामा पढ्न नपाएर हिंसा भोगेका तथा

पढ्न पाएर त्यस्तो प्रकारको हिंसा भोग्न नपरेको महिलाको संख्या बराबर रहेको पाइयो । बालविवाह गरिदिएर हिंसा भोग्नुपरेको महिलाको संख्या भने केही कम रहेको पाइयो ।

## ख.) महिलाले किरोवस्थामा भोगेका हिंसाहरु

यस अनुसन्धानमा अध्ययन गरिएका महिलाहरुले किशोरावस्थामा भोगेका हिंसाका प्रकारहरु निम्नानुसार पाईयोः

तालिका नं. ९ : किशोरावस्थामा भोगेका हिंसाका प्रकारहरु

| हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| घरको काममा विभेद | १५ | ५० |
| बलात्कार | १ | ३.३३ |
| हिँसा नभएको | १४ | ४६.६७ |
| जम्मा | ३० | १०० |

किशोरावस्थामा आएर आफू महिला भएका कारण लुगा धुने, खाना बनाउने, घरको सरसफाई गर्ने जस्ता काममा सीमित हुनु परेको तर आफ्ना दाजुभाइ भने व्यक्तित्व विकासको काममा लाग्न पाएको अवस्था भोगेका उत्तरदाता महिलाको संख्या ५०% रहेको पाइयो । आफ्नो घरमा खान नपुग्दा तथा आर्थिक कारणले धनीमानीको घरमा बसी काम गर्नुपर्दा ती शोषक वर्गबाट बलात्कृत बन्नु परेका कारण सामाजिक हेला, शारीरिक तथा मानसिक रुपमा चोट सहनुपरेका महिलाको संख्या ३.३३% तथा यस अवस्थामा यस्ता प्रकारका हिंसाको अनुभव संगाल्न नपरेका महिला ४६.६७% रहेको पाइयो । यसरी माथिको तालिका अनुसार घरको काममा विभेद गरिएका महिलाको संख्या सबैभन्दा बढी, कुनै पनि प्रकारको हिंसा नभोगेका महिलाको संख्या त्यो भन्दा केही कम र बलात्कारको सिकार भएका महिलाको संख्या धेरै कम देखिन्छ । यसबाट महिलाहरु आफ्नै घरभित्र घरकै सदस्यबाट बढी पीडित हुँदा रहेछन् भन्ने बुझिन्छ ।

## ग.) महिलाहरुले युवावस्थामा भोगेका हिंसाहरु

यस अनुसन्धानको क्रममा अध्ययन गरिएका महिलाहरु मध्ये दाइजो कम ल्याएका कारण लोग्ने लगायत परिवारका सदस्यबाट हेला तथा गाली पाएका महिला १०% रहेको पाइयो । बुहारीलाई हेला गर्ने, खानामा विभेद गर्ने, घरको काम नगरेको कारण देखाई यातना दिने पीडित महिला ६०% रहेका र यस्तो प्रकारका अवस्था नभोगेका महिला ३०% रहेका थिए । यहाँ घरेलु हिंसा तथा घरभित्र लोग्ने तथा घरका सदस्यले गर्ने हिंसाको मारमा परेका महिलाको संख्या सबै भन्दा धेरै रहेको पाइयो भने यस्तो प्रकारको हिंसा

नभोगेका महीलाको संख्या केही बढी भएको पाइयो । दाइजोका कारण भएका हिंसा धेरै कम मात्रामा रहेको पाइयो । यसबाट पनि महिलाहरु बढी आफ्नै घरभित्र पीडित हुन्छन भन्ने थाहा हुन्छ ।

तालिका नं. १० : युवावस्थामा भोगेका हिंसाका प्रकारहरु

| हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| घरेलु हिंसा | १८ | ६० |
| दाइजोको कारण हिंसा | ३ | १० |
| हिंसा नभोगेका | ९ | ३० |
| जम्मा | ३० | १०० |

### घ.) महिलाहरुले गर्भावस्थामा भोगेका हिंसाहरु

तलको तालिका अनुसार छनौटका महिलाहरु मध्ये २६ जना महिला विवाहत रहेका थिए । जसमा गर्भावस्थामा आवश्यक पोषिलो खानेकुरा खानबाट बञ्चित महिलाको संख्या ४२.३१% रहेको पाइयो । यस्तो अवस्थामा पनि बढी भन्दा बढी घरको काम गर्नुपर्ने, कहीं कसैबाट पनि काममा सहयोग नपाउने तथा आराम र माया ममताबाट बञ्चित महिलाको संख्या ३४.६२% रहेको भेटियो । कुनै पनि प्रकारको कष्ट भोग्न नपरेका महिलाको संख्या २३.०७% रहेको देखिन्छ । यसबाट गर्भावस्थामा आवश्यक पर्ने आराम र सहयोगबाट छनोटमा परेका महिलाहरु बञ्चित भएर घरेलु हिंसाको मारमा परेको भन्ने देखिन्छ ।

तालिका नं. ११ : गर्भावस्थामा भोगेका हिंसाका प्रकारहरु

| हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| आबस्यक पोषिलो खानाको अभाब | ११ | ४२.३१ |
| गर्भावस्थामा काममा कसैबाट सहयोग नपाउनु अथवा आरामको अभाब | ९ | ३४.६२ |
| हिँसा नभोगेका | ६ | २३.०७ |
| जम्मा | २६ | १०० |

## ५.३.३. हिंसाका प्रकारहरु

नेपाली महिलाहरु विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पीडित भएको पाइन्छ । प्रायः शारीरिक तथा मानसिक रुपले पीडित हुने महिलाहरु मध्ये कतिले हिंसा सहेर घरमै बस्दछन् भने कति

महिलाहरु केही सहयोग तथा आफ्नो ज्यान बचाउनका लागि विभिन्न संस्थामा पुग्ने गर्दछन् । अध्ययनका क्रममा देखिएका महिलाले भोगेका हिंसाको प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १२ : महिलामाथिको हिंसाका प्रकारहरु

| शारिरिक हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| कुटपिट | ११ | ३६.६७ |
| गालीगलौज | १५ | ५० |
| गर्भपतन | ३ | १० |
| बलात्कार | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार महिलाहरु कुटपिट, गालीगलौज, बलात्कार, गर्भपतन आदि जस्ता हिंसाहरुबाट पीडित भएको पाइएको छ । जसमा कुटपीटका घटनाबाट पीडत महिलाको संख्या ३६.६७% छ भने गालीगलौजबाट पीडित महिला ५० %, बलात्कारबाट पीडित महिला ३.३३% रहेका छन् भने आफ्नो इच्छा विपरित गर्भपतन गराउन वाध्य भएका महिलाको संख्या १०% रहेको छ ।

प्रस्तुत अध्ययनबाट के देखिन्छ भने सामान्य कुटपिट तथा गालीगलौजबाट हुने हिंसालाई महिलाहरु सहेर घरमै बस्ने गर्दछन् । असहाय अवस्था परेको खण्डमा मात्र उपचार तर्फ लाग्ने गर्दछन् । कानुनी उपचार तर्फ नलाग्ने सबै प्रकारका महिलाहरु हिंसा पीडित नभएको भनी मान्न मिल्ने अवस्था देखिदैन । तर उपचार तर्फ उन्मुख भएका तथा नभएका महिलामाथि भएका हिंसाको प्रकारमा भने भिन्नता देखिएको थियो । कानुनी उपचार तर्फ लागेका महिलामाथि गहन प्रकारको हिंसा नभएको तथा उपचार तर्फ उन्मुख नभएका महिलामाथि सामान्य किसिमको मात्र कुटपीट गालीगलौज भएको पाइयो । यस्ता घटनालाई महिलाबाट दैनिक जीवनको एक अङ्ग मानी बस्न थालेको देखिएको थियो ।

## ५.३.४ महिलामाथि हिंसा हुनाका कारणहरु

समाजमा तुलनात्मक रुपमा महिला वर्ग नै पुरुषभन्दा बढी मात्रामा हिंसाको शिकार बन्ने गरेको पाइन्छ । यस अध्ययनमा महिलामाथि हुने गरेका हिंसाका कारणबारे पनि अध्ययन गरिएको थियो । उत्तरदाताले दिएको तथ्यको आधारमा हिंसा पीडित बन्नु परेको कारणलाई तलको तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३ : महिलामाथिको हिंसाका कारणहरु

| हिंसाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| जांड रक्सीको सेवन | १२ | ४० |
| बहुबिबाह | ३ | १० |
| गरिबी तथा आर्थिक कारण | ६ | २० |
| अशिक्षा | ५ | १६.६७ |
| गर्भपतन | ३ | १० |
| बलात्कार | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार उत्तरदाता महिलाले विभिन्न कारणबाट हिंसा सहनु परेको देखियो । जसमध्ये रक्सी सेवनका कारण ४०% महिलामाथि हिंसा हुने गरेको देखियो भने बहुविवाहका कारण १०% महिला पीडित बनेको पाइयो । त्यस्तै गरी आर्थिक अभावका कारण झगडाको स्थिति उत्पन्न भई हिंसा भोगेका महिला २०%, सामूहिक भेला, तालिम, घरबाहिरको काम आदिमा गएको मन नपराउने जस्ता महिलाप्रतिको रुढीवादी धारणा र अशिक्षाका कारण हुने हिंसा १६.६७% , गर्भपतनका कारण भएका हिंसा १०% तथा बलात्कारका कारण ३.३३% महिला हिंसा पिडित बनेको अबस्था छ । समग्रमा उत्तरदाता मध्येका अधिक महिला रक्सी सेवन, बहुविवाह र आर्थिक स्थिति कमजोर भएका कारण हिंसा पीडित बनेको पाइयो ।

### ५.३.५ महिलाहरुले हिंसा सहनुका कारणहरु

अध्ययन क्षेत्र अन्तर्गतका अधिकांश महिलाहरुले आफूमाथि लोग्ने तथा परिवारका अन्य सदस्यबाट भएका सामान्य कुटपिट तथा गालीगलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता ठान्दैनन् भने कति महिलाले त त्यस्ता घटनालाई सामान्य नै ठान्दछन । कानूनी उपचारका लागि आएका महिलाले पनि आफूमाथिको हिंसा सहेर बस्दै आएकोमा सहनै नसक्ने परिसथिति उत्पन्न हुने गरी हिंसा हुन थालेपछि कानूनी उपचारका लागि आएको भन्ने जानकारी दिए । त्यसरी आफूमाथि भएका हिंसा सहेर बस्नुका कारणहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४ : महिलाले हिंसा सहनुका कारणहरु

| हिंसा सहनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो आर्जनको बाटो नभएर | ६ | २० |
| बच्चाहरुको भबिष्य सोचेर | ७ | २३.३३ |
| अशिक्षाको कारणले गर्दा | ६ | २० |
| लोग्नेलाई देवता मान्नु पर्ने कारण | ३ | १० |
| समाजको लान्छनाको डरले | ५ | १६.६७ |
| व्यवहारमा परिबर्तन आउने आशाले | ३ | १० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार उत्तरदाता मध्येका २०% महिलाले आफ्नो आय-आर्जनको बाटो नभएका कारण लोग्ने तथा परिवारका सदस्यबाट भएको हिंसा सहेका बताए भने २३.३३% महिलाले बच्चाहरुको भविष्यको लागि आफूमाथि जस्तो प्रकारको हिंसा परे पनि सहेर बस्नु परेको कुरा उल्लेख गरे । २०% महिलाले आफू अशिक्षित रहेको र श्रीमानलाइ छोडेर केहि गर्न वा जीविकोपार्जन गर्न समेत नसक्ने कारण सहेर बस्नु बाहेकको विकल्प नभएको हुनाले सहेको बताए । लोग्नेलाई देवता मान्नु पर्ने र आफ्नो रितिरिवाज, धर्म, संस्कार, समाज, परिवार, माइती र परम्पराका कारण १०% महिलाले लोग्नेले जतिसुकै अन्याय गरे पनि आफूले लोग्नेलाई पुजेर बसेको कुरा व्यक्त गरे । १६.६७% महिलाले समस्यालाई घरबाहिर ल्याए समाजले आफूहरुमाथि लान्छना लगाउने, त्यसबाट आफ्नो इज्जत जाने र घरबाट समेत निकालिन सक्ने जस्ता डरका कारण पिडा सहेर बसेको बताए । १०% महिलाले लोग्ने र परिवारको सदस्यको व्यवहारमा आउँदा दिनहरुमा परिवर्तन हुन सक्ने आशामा आफूमाथिको हिंसा सहेर बसेको कुरा अभिव्यक्त गरे ।

व्यवहारमा जुन किसिमले महिलाहरु हिंसा पीडित बनिरहेका छन्, सो अनुपातमा उजुरीको मात्रा नगन्य नै रुपमा रहेको मान्नुपर्ने धारणा हिंसा पीडित महिलालाई सहयोग गर्ने संस्थाका सम्बन्धित व्यक्तिहरुको पाइयो । मुख्य सूचनादाताहरुका अनुसार यसो हुनाका कारणहरु समग्रमा निम्न रहेका छन् ।

- कानुनी चेतनाको अभाव
- प्रभावकारी रुपमा उपचार वा न्याय पाइन्छ भन्ने विश्वासको अभाव
- अन्याय सहेर बस्ने सामाजिक मान्यता
- पितृसत्तात्मक प्रभाव
- सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था

- प्रमाण संकलन र प्रस्तुतीकरणमा रहेका जटिलता
- आफ्नो अधिकारप्रतिको उदासिनता आदि ।

## ५.३.६ हिंसाबाट पर्न गएका असरहरु

यस अध्ययनबाट महिलाहरुमा हिंसाबाट शारीरिक र मानसिक जस्ता असरहरु पर्न गएको कुरा बुझियो । महिलाहरुले सकेसम्म आफूमाथि हुने गरेका हिंसालाई सहेर बस्ने गरेको अवस्था विद्यमान छ । यसको कारण आफूमाथि हुने हिंसा सहनुभन्दा पनि कठिन हुने हुन्छ, हिंसा विरुद्द आवाज उठाउने कार्य, किनभने यसले महिलालाई सामाजिक बहिस्कार तथा लान्छनाको सामना गर्नुपर्ने अवस्थाको सृजना गराउन सक्छ । तर यस्ता हिंसा सहनाले उनीहरुले मानसिक कष्ट एवं नैराष्यताका कारण आफ्नो गतिशीलतासम्म गुमाउनु पर्ने स्थिति उत्पन्न हुन पुगेको अबस्था छ । यस अध्ययनका महिलाहरुमाथि हिंसाबाट पर्न गएको असरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५ : महिलामाथि हिंसाबाट पर्न गएका असरहरु

| हिंसाका प्रकार | हिंसाका असर | संख्या | प्रतिशत |
|---|---|---|---|
| कुटपिट | अंगभंग, चोटपटक | ९ | ३० |
| बलात्कार | शारीरिक, मानसिक | १ | ३.३३ |
| गर्भपतन | शारीरिक, मानसिक | २ | ६.६७ |
| ज्यान मार्ने धम्कि | मानसिक | ३ | १० |
| गालि गलौज | मानसिक | १५ | ५० |
| जम्मा | | ३० | १०० |

माथिको तालिका अनुसार हिंसाबाट उत्तरदाता महिलामाथि अङगभङग, चोटपटक जस्ता असरहरु पर्न गएको देखिन्छ । कुटपीटका कारण अङ्गभङ्ग, चोटपटकको पीडा रहेका उत्तरदाता महिला ३०% रहेका छन् भने बलात्कारका कारण शारीरिक, मानसिक पीडा पाएका महिला ३.३३% पाइयो । गर्भपतनका कारण शारीरिक, मानसिक पीडा पाएका महिला ६.६७%, ज्यान मार्ने धम्कीका कारण मानसिक पीडा पाएका महिलाको संख्या १०% र गाली गलौजका कारण मानसिक पीडा भोगेका महिलाको संख्या ५०% रहेको यस अध्ययन मा पाइयो ।

हाम्रो समाजमा पुरुषबाट महिलामाथि मानसिक तथा शारीरिक दुवै प्रकारका हिंसा हुने गरेको पाइएको छ । शारीरिक हिंसा बाहिरी रुपबाट सामान्य रुपमा लिने गरेको पाइन्छ । यस्ता घटनाबाट शारीरिक रुपमा भन्दा पनि मानसिक रुपमा सामान्य असर पर्ने जस्तो रिस उठ्ने, खान मन नलाग्ने, नैराश्यता उत्पन्न

हुने आदि हुन सक्छ । यस अध्ययनको क्रममा उत्तरदाता महिलाहरु मध्ये श्रीमान लगायतका परिवारका सदस्यबाट भएको कुटपिटका घटनाका कारण नाकको हड्डी भाँचिएका, कुटपिटको कारण अनुहारमा निलडाम भएका, अङ्गभङ्ग तथा चोटपटक लागेका समेत थिए । बलात्कारका कारण शारीरिक पीडा तथा समाजको हेला, घृणा एवं आत्मबलको कमी भएका महिला, लोग्ने तथा परिवारको सदस्यबाट भएको कुटपीटले भएको गर्भपतनका कारण शारीरिक कष्ट र मानसिक चोट सहेका महिला तथा आफूले नचाहँदा नचाहँदै पनि परिवारकौ दवावले गर्भपतन गर्नुपरेका महिलाहरु संग समेत साक्षात्कार गरिएको थियो यो अध्ययनमा । जेठाजु र देवरहरुबाट अंशको विषयलाई लिएर ज्यान मार्ने धम्की दिएका कारण तथा कतिपय ठाउँमा ज्यान मारेको खबर सुनेका कारण त्रसित महिलाहरुलाई उत्तरदाताका रुपमा उभ्याइएको थियो ।

मुख्य सूचनादाताका अनुसार कानूनी उपचारका लागि आउने महिला शारीरिक, चोटपटक, निलडाम देखिने अवस्थाका भन्दा अधिक मात्रामा मानसिक असर पुगेका, निरास, नैराश्यताका अवस्थामा आउने गरेका पाइयो ।

## ५.३.७ महिला विरुद्दको हिंसा रोकथाम बारेको धारणा

महिला विरुद्दको हिंसालाई कम गर्ने वा रोक्नका लागि प्रथमत : महिला शिक्षामा जोड दिनु पर्ने साथै आफ्ना अधिकारबारे महिलामा जनचेतना जगाउनु पर्ने धारणा उत्तरदाता महिला तथा मुख्य सूचना दाताहरुको रहेको पाइयो । साथै समाजमा विद्यमान रहेको रुढीवादी धारणा तथा अन्धविश्वासले गर्दा पनि महिलालाई भेदभाव गर्ने परिपाटी रहँदै आएको हुँदा महिलालाई पुरुषभन्दा तल्लो दर्जामा राख्ने परम्पराको अन्त्य गर्नका लागि पनि सर्वप्रथम महिला शिक्षामा नै जोड दिई महिला स्वयंमा आफूलाई कमजोर ठान्ने मानसिकता हटाउनु पर्ने धारणा राख्दछन्, उत्तरदाता तथा मुख्य सूचनादाताहरु । महिलालाई अधिकार तर्फ सचेत गराउनुभन्दा पनि सीपमूलक तालिमहरु प्रदान गरेर आत्मनिर्भर बनाउनु जरुरी रहेको छ, जसले गर्दा पुरुषमाथिको आथिर्क निर्भरतामा कमी आउँछ । साथै सीपमूलक तालिमले आयआर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउने हुन सक्छन्, जसले गर्दा हिंसा सहेर बस्ने वाध्यता रहदैन । महिला विरुद्दको हिंसा रोक्न प्रथमतः रुढीवादी धारणामा परिवर्तन ल्याउनु पर्छ । महिला विरुद्दको हिंसालाई कम गर्न पारिवारिक मेलमिलाप र समन्वयको प्रक्रियाबाट समस्या समाधान गर्ने गराउने सम्बन्धमा विशेष कानून, कार्यविधि र संयन्त्रको अभाव खड्किएको छ । महिला विरुद्दको हिंसा रोकथामको लागि स्पष्ट कानुन, सरल कार्यविधि, मेलमिलाप, समन्वय जस्ता उपचार पद्दती, हिंसाको प्रकृति र मात्रा अनुसार सजाय र क्षतिपूर्तिको व्यवस्था, स्थानिय निकायको भूमिका, पुनर्स्थापना र हेरविचार सम्बन्धी विशेष संरक्षणात्मक व्यवस्था जस्ता पक्षलाई समेटी उचित कानुन बन्नु जरुरी छ भन्ने धारणा मुख्य सूचनादाताहरुको रहेको छ ।

## ५.३.८ कानुनी व्यवस्था तथा सम्बन्धित संघ संस्था बारेको जानकारी

नेपाली महिलाहरु प्रायः घरधन्दा र बचेको समय कृषि तथा अन्य सामान्य आर्थिक गतिविधिमा संलग्न रहने हुनाले अधिकांशलाई हिंसाप्रति कानुनी उपचार हुन्छ भन्ने जानकारी हुँदैन । विभिन्न कारणले गर्दा हिंसा विरुद्द लाग्न नसक्ने अवस्था पनि रहेको हुन्छ । यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा महिलाहरुलाई कानुनी उपचार सम्बन्धी कुराहरु जानकारी भए नभएको जानकारी लिने प्रयास गरिएको थियो, जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १६ : महिलामा कानुनी व्यवस्था सम्बन्धी जानकारी

| कानुनि व्यवस्था, संस्था सम्बन्धि जानकार | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी नभएको | १२ | ४० |
| जानकारी भएको | १८ | ६० |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार उत्तरदाता महिला मध्ये ४०% महिलालाई महिला विरुद्दको हिंसा सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धमा जानकारी नभएको र बाँकी ६०% महिलालाई सो सम्बन्धमा जानकारी भएको पाइएको छ । ६०% जानकारी हुने महिलालाई संचार माध्यम, पत्रपत्रिका र संगी साथि संगको कुराकानी मार्फत यस सम्बन्धी घटना तथा कानुनबारे जानकारी हुन पुगेको अबस्था देखियो । कानुनी व्यवस्था तथा महिला उत्थानका संस्था सम्बन्धी जानकारी नहुने महिला आफ्ना छिमेकी, जनप्रतिनिधि र ईष्टमित्र मार्फत सल्लाह पाई कानुनी उपचारका लागि आउने गरेको पाइयो । जानकारी राख्ने महिलालाई स्पष्ट कानूनी प्रावधानबारे जानकारी भएको तर उजुरीका लगि प्रहरीमा जानुपर्नेसम्मको सम्मको मात्र जानकारी रहेको बुझियो । बहुविवाहमा दुवै पक्षलाई केही सजायँ गरी विवाह कायम रहने, घरमा परिवारका सदस्यहरुबाट हुने मानसिक हिंसामा प्रमाण पुर्याईरहन कठिन हुने जस्ता अवस्थाका न्याय पाउन कठिन भएको धारणा छनोटका महिला तथा मुख्य सूचनादाताको रह्यो ।

# अध्याय-छ : निष्कर्ष, व्यवहारिक प्रयोग र सुझाबहरु

## ६.१ निष्कर्ष

माथिको नतिजा परिच्छेद विश्लेषण गर्दा पुम्दी भुम्दी गाउँ बिकास समितिमा घरेलु हिँसाको अबस्था डरलाग्दो भएको देखिन्छ । घरेलु हिंसा सम्बन्धमा देश भित्र र बाहिर थुप्रै अध्ययन गरिएको भएता पनि यस क्षेत्रमा यस सम्बन्धमा अध्ययन भएको थिएन । तसर्थ यो अध्ययनले यस क्षेत्रको लागि र समष्टिगत रुपमा महिला हिंसाको जानकारी दिने सन्दर्भमा नयाँ आयाम थपेको छ ।

यस अध्ययनको मूल उद्देश्य कास्की जिल्लाको पुम्दी भुम्दी गा.बि.स. वडा नं. ५ का महिलाहरुको सामाजिक आर्थिक अबस्था र उनीहरु माथि हुने गरेको हिंसाको अध्ययन गर्नु थियो । यो अध्ययनमा अध्ययन क्षेत्रका हिँसा पिडित महिलाहरुसंगको प्रश्नोत्तरको माध्यमबाट उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक अबस्था, महिला विरुद्द हुने घरेलु हिंसाका प्रकारहरु र त्यसका कारणहरु, हिँसाबाट पर्न गएका असरहरु, हिंसा रोकथाम प्रति मान्छेहरुको धारणा र हिँसा पिडित महिलाहरुमा कानुनि तथा सम्बनधित संघ संस्था बारेको जानकारी सम्बन्धमा तथ्यांक संकलन गरिएको छ ।

यस अध्ययनको लागि वर्णनात्मक अनुसन्धान ढाँचा अवलम्वन गरिनुका साथै आवश्यक तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वित्तिय तथ्याङ्कको प्रयोग गरिएको छ । समग्रबाट पूर्व जानकारीको आधारमा सम्भावित हिँसा पिडित महिलाहरुको छनोटका लागि उद्देश्यपूर्ण नमुना छनोट गरिएको र जहाँ बढी हिंसा छ, त्यही टोलका महिलाहरुलाई छनोट गरि अर्ध-संरचित प्रश्नावली प्रयोग गरिएको थियो । अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख, रचना, प्रतिवेदन, विद्वानहरुको भनाइ, कानूनी प्रावधान आदि पनि यस अध्ययनका क्रममा समीक्षा गरिएको थियो ।

प्राप्त तथ्यांकले एकात्मक परिवारमा श्रीमानले जाँड रक्सी सेवन गरी विभिन्न प्रकारले गालीगलौज गरी श्रीमतीलाई मानसिक तथा शारीरिक पीडा दिने जस्ता घरेलु हिंसा बढी गरेको देखाउछ भने संयुक्त परिवारमा बस्ने महिलामाथि घरका सदस्यहरु श्रीमान, सासु, नन्द, आमाज्यू, देवर आदीले दाइजो नल्याएको, नपढेको, विधवा भएको, छोरी छोरी जन्माएको जस्ता कारणहरु देखाएर शारीरिक तथा मानसिक हिंसा गर्ने गरेको अबस्था विद्यमान छ । आफ्नो लोग्नेबाट कुटपीट, गालीगलौज जस्ता मानसिक तथा शारीरिक यातना पाउने महिलाको संख्या सबै भन्दा धेरै देखिन्छ । साथै सासु, नन्द, आमाज्यू, देवर जेठाज्यू र आफ्नै बाबुबाट समेत महिलाहरु पिडित हुनु परेको तथ्यांकहरुले देखाउछन । साथै उल्लेख्य संख्यामा महिलाहरु आफ्नै छर-छिमेकी र समाजबाट समेत पीडित छन ।

प्रश्नोत्तरको क्रममा महिलाहरुले आफ्नो जीवनचक्र अनुसार प्रत्यक अबस्थामा (वाल्यावस्था, किशोरावस्था, युवावस्था तथा गर्भावस्था) हिंसाबाट पिडित हुनु परेको देखियो । महिलाले कुटपिट, गाली गलौज, गर्भपतन, बलात्कार जस्ता समस्या निरन्तर भोग्दै आएका छन् । श्रीमानले जाँड रक्सीको सेवन गरी

शारीरिक तथा मानसिक यातना दिने, बहुविवाहको पिडा, गरिबीका कारण आफूले भने जस्तो नहुँदा श्रीमानबाट दिनहुँ हिंसा पीडित बन्नुपर्ने र अशिक्षित भएका कारण हिंसापीडित हुनुपर्ने जस्ता समस्याहरु महिलाहरुबाट उजागर भएका छन् ।

आफ्नो आर्जनको बाटो नहुनु, बच्चाहरुको भविष्य, अशिक्षा, लोग्नेलाई देवता मान्नुपर्ने परम्परा, हिंसा विरुद्द आवाज उठाएमा इज्जत जाने, घरबाट निकालिने र घर तथा समाजको लाञ्छना लाग्न सक्ने डर, पिडकको बानीमा पनि केही परिवर्तन आउँछ की भन्ने झिनो आशा जस्ता कारणले महिलाहरुले हिँसा सहेर बस्ने गरेका हुन् भन्ने यो अध्ययनले देखाउछ ।

महिलाहरुमा कानुनी चेतनाको अभाव, प्रभावकारी उपचार पाइन्छ भन्ने विश्वासको अभाव, पितृसत्तातमक सामाजिक संरचना, सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था, आत्मबलको कमी, शिक्षाको कमी जस्ता कारणहरुले महिलाहरुले हिंसालाई सहेर बस्ने अबस्था रहेको उत्तरदाता र अन्य सोधपुछ गरिएका मानिसहरुले बताए ।

घरेलु हिंसाका ज्यादै दर्दनाक समस्याहरु मध्ये मुख्यतः महिलाहरु हिंसाको कारण अङ्गभङ्ग हुनु परेको,  चोटपटक लागेको, बलात्कारका कारण शारीरिक, मानसिक पीडा सिर्जना भएको, गर्भपतनका कारण शारीरिक, मानसिक पीडा पाएको, ज्यान मार्ने धम्कीका कारण मानसिक पीडा पाएको र गाली गलौजका कारण मानसिक पीडा भोग्न बाध्य रहेको हुन् भन्ने यो अध्ययनले देखाउछ ।

महिला विरुद्दको हिंसालाई कम गर्न वा रोक्नका लागि महिला शिक्षामा जोड दिनु पर्ने, जनचेतना जगाउनु पर्ने, समाजमा विद्यामान रुढीवादी धारणा तथा अन्धविश्वास चिर्नुपर्ने, आयआर्जनको बाटो खोलिदिनु पर्ने, हिंसाको प्रकृति र मात्रा अनुसार सजाय र क्षतिपूतिर्को व्यवस्था गर्नुपर्ने जस्ता धारणाहरु उत्तरदाताहरुबाट प्रकट भए । हिंसाको मात्रा प्रचुर भएता पनि अधिकांस महिलालाई महिला विरुद्दको हिंसा सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धमा जानकारी समेत नभएको देखिंदा हाम्रो समाजका महिलाहरु बिकास को कुन चरणमा छन् भन्ने बुझ्न कठिन छैन ।

यस अध्ययनले हाम्रो समाजका महिलाहरुको सामाजिक-आर्थिक अबस्था र उनीहरु माथि हुने गरेको हिंसात्मक अबस्थाको स्पष्ट चित्र प्रदर्शन गर्छ । पहिलो, तथ्यांकहरुले हाम्रो समाजमा महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक अबस्था देखाउने प्रयास गरेको छ । दोश्रो, समाजमा महिलाहरु गर्भावस्था देखि प्रौढावस्था सम्म निरन्तर हिंसाबाट पिडित हुने गरेका र हिंसाको ठुलो मात्रा मुलतः आफ्नै घर परिवारबाट, त्यसमा पनि लोग्नेबाट, अनि समाजबाट सिर्जना हुन्छ । घर परिवार र समाजमा रहेको कुप्रथा, अन्ध-बिस्वास, पितृसत्तात्मक सामाजीक संरचना र सोंच आदि महिला माथि हुने हिंसा सिर्जना गर्ने तत्वहरु हुन् भन्ने कुरा प्राप्त नतिजाले पुष्टि गर्न खोजेको छ । तेश्रो, यस्ता हिंसाहरुबाट महिलाहरुको भौतिक र मानसिक बिकासमा नकारात्मक असर परेको छ तथापी पिडित महिलाहरु नै आफुहरुले कानुन वा राज्यका कुनै निकायबाट न्याय

पाउन सकिन्छ भन्ने कुरामा समेत बिस्वास गर्न सकेका छैनन् भन्ने कुरा प्राप्त तथ्य र तथ्यांकले स्थापित गर्न खोजेका छन् । अधिकांस हिँसा पिडित महिलाहरु आफ्नो पिडा पोख्ने र न्यायको लागि जाने ठाउँ र संस्था बारेमा समेत अनविज्ञ छन् भन्ने समेत यो अध्ययनले दर्शाउन खोजेको छ । यसरी यो अध्ययनले हाम्रो समाजमा महिलाहरु आर्थिक, सामाजिक र शैक्षिक रुपमा अत्यन्त पिछडिएका र घरेलु हिंसाबाट ज्यादै प्रताडित छन् भन्ने निस्कर्ष निकाल्दछ । यो अध्ययनमा थोरै जानकारी उपलब्ध भएता पनि महिलाहरु माथि आफ्नो घर परिवारका सदस्यहरु बाटै हुने गरेको हिँसाका स्वरप र प्रकृति र त्यसले महिलाहरु र उनीहरुका सन्तानहरुलाई दिर्घकालिन रुपमा पार्न सक्ने नकारात्मक प्रभाब बारे बिष्तृतमा अध्ययन अनुसन्धान हुनुपर्ने आबस्यकता देखिन्छ ।

## ६.२ अध्ययनको प्रयोग

माथि उल्लेख भैसकेकै छ कि घरेलु महिला हिँसा सम्बन्धमा थुप्रै अध्ययन र अनुसन्धानहरु भएता पनि कास्की जिल्लामा त्यस्ता अध्ययनहरु निकै कम भएका छन् । पुम्दी भुम्दी गा.बि.स. मा पनी यस प्रकारको अध्ययन अहिले सम्म भएको भेट्टाउन सकिएन । नेपालकै सुन्दर र बिकसित सहर भित्र पर्ने पोखरा नगरीसंगै जोडिएर रहेको उक्त गा.बि.स. मा देखिएको यस प्रकारको हिंसाको अबस्थाले देशका अन्य दुर्गम र पिछडिएका गाउँ ठाउँहरुको अबस्था के छ भन्ने सजिलै अनुमान गर्न सकिन्छ । तसर्थ यो अध्ययन देसका अन्य ठाउँहरुमा सामान्यीकरण गर्न समेत उपयोगी हुन सक्छ । महिला हिँसा घटाउने वा नियन्त्रण गर्ने सम्बन्धि नीति नियम तर्जुमा गर्न, त्यस सम्बन्धि कार्यक्रमहरु तय गर्न र ति नीति र कार्यक्रमहरुलाई व्यवहारमा प्रयोग गर्न समेत यो अध्ययन लाभदायिक हुने आशा गर्न सकिन्छ ।

पुम्दी भुम्दी गा.बि.स. को स्थानीय विकास, महिला सबलीकरण, बिकासमा स्थानीय महिलाहरुको सहभागिता, स्थानीय श्रोत साधनमा महिलाको पहुँच, महिला हिँसा बिरुद्द काम गर्ने संघ संस्थाको स्थापना र बिकास जस्ता कामहरु गर्न गराउन यो अध्ययन र यसमा प्रयोग गरिएका तथ्य र तथ्यांकहरु अत्यन्त उपयोगि र लाभदायिक हुनेछन् भन्ने समेत बिस्वास छ ।

## ६.३ सुझाबहरु

१. पुम्दी भुम्दी गा.बि.स.ले घरेलु महिला हिँसा रोक्न महिलाहरुलाई शिक्षा, रोजगार र चेतना अभिबृद्दी कार्यक्रम संगसंगै लैजानु पर्दछ र यसैलाई प्राथमिकतामा राखेर आबस्यक कार्यक्रम तय गरिनु पर्दछ ।

२. कम्तिमा पनि पुम्दी भुम्दी गा.बि.स. मा सम्बन्धित सबै निकायहरुको समन्वय र स्थानीय निकायको पहलमा जिल्ला र गा.बि.स. स्तरीय घरेलु महिला हिँसा रोकथाम सम्बनधि कार्य योजना बनाएर लागु गरिनु पर्दछ ।

३. यस गा.बि.स. ले आफ्नो बार्षिक बजेटको निश्चित रकम (कमतिमा १०%) महिला हिंसा नियन्त्रण सम्बन्धि कार्यक्रम बनाई खर्च गर्ने व्यवस्था गर्नु पर्दछ ।

४. मेलमिलाप केन्द्र जस्ता संघ संस्थाहरु स्थापना गरि महिला हिँसा बिरुद्दको काम कारबाही तिब्र रुपमा गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ ।

५. कम्तिमा पनि पुम्दी भुम्दी गा.बि.स. को पहलमा उक्त गा.बि.स. क्षेत्र भित्रका बिद्यालयहरुमा महिला अधिकार र महिला हिँसा नियन्त्रण सम्बनधि कक्षाहरु संचालन गरिनु पर्दछ ।

६. महिला हिँसा नियन्त्रण सम्बन्धि विद्यमान कानुनहरु कार्यान्वयन गर्न स्थानीय प्रहरी, राजनीतिक दल, अधिकारबादी संस्था लगाएत सबै सरोकारवालाहरुको सहयोग र सहभागितामा कानुनि कारबाहिहरु अगाडी बढाउनु पर्दछ ।

७. महिला हिंसाका घटनाहरुको उजुरी सुन्न सम्बन्धित गा.बि.स. र प्रत्यक गाउँ टोलमा गुनासो पेटिका को व्यवस्था गरिनु पर्दछ ।

८. गा.बि.स. स्तरीय प्रत्यक सामाजिक र बिकासमुलक कार्यहरुमा कम्तिमा ५०% महिला सहभागिता सुनिस्चित गर्न नीति बनाइ लागु गरिनु पर्दछ ।

९. घरेलु महिला हिँसा सम्बन्धमा पुम्दी भुम्दी गा.बि.स. स्तरीय थप बिस्तृत अध्ययन गरिनु पर्दछ ।

# सन्दर्भ सामाग्रीहरु

## नेपालीः


कान्तिपुर दैनिक (२०६४), छोरा नपाएको झोकमा श्रीमतीको हत्या, असार ५, कानतिपुर पबलिकेशन, पेज नं. ४, किर्तिर्पुर केन्द्रीय पुस्तकालय, काठमाडौं ।

कानतिपुर दैनिक (२०६५), दाइजोको डरले पढाउँदैनन् छोरी, जेष्ठ १०, कान्तिपुर पब्लिकेशन, पेज नं. ४, सिविन, रवि भवन, काठमाडौं ।

कास्की जिल्ला पार्श्व चित्र (२०६८), जिल्ला बिकास समितीको कार्यालय, कास्की ।

गोरखापत्र दैनिक (२०६४), राजनीतिमा लागेका महिलाहरु पनि हिंसाको शिकार, असार १४, गोरखापत्र दैनिक, पेज नं. १, माइती नेपाल, गौशाला, काठमाडौं ।

चौलागाई तिलकप्रसाद, पोखरेल नानिराम र सापकोटा केशवराज (२०६५), लैङगिक अध्ययन पुस्तक, न्यू हिरा इन्टरप्राइजेज प्रकाशन, काठमान्डौ ।

थपलिया शान्ता (२०५८), महिला विरुद्दको घरेलु हिंसा प्रतिवेदन, न्याय सेवा आयोग सचिवलय, परिशिष्ट ८, काठमाण्डौं ।

दाहाल काशीराज (२०५०), महिला विरुद्दका अपराध र नियन्त्रण सम्बन्धी कानुनी पक्ष, प्रतिवेदन, न्यायसेवा आयोग सचिवालय, परिशिष्ट-८, काठमाण्डौं ।

न्यायका लागि आवाज (२०५९), न्यायका लागि आवाज, केन्द्रिय महिला कानुनी सहायता समिति, वर्ष १, अंक २, मंसीर-२०५९ ।

नयाँ पत्रिका (२०६४), बोक्सिको आरोपमा एक वृद्द महिलालाई दिसा खुवाईयो, चैत्र १, नयाँ पत्रिका प्रकाशन, नयाँ पत्रिका, पेज ३, सिविन, रवि भवन, काठमाडौं ।

नयाँ पत्रिका (२०६४), दाइजो नल्याउने बुहारीलाई राप्रपा नेताको यातना, भदौ ७, नयाँ पत्रिका प्रकाशन, नयाँ पत्रिका, पेज २, सिविन, रवि भवन, काठमाडौं ।

नयाँ पत्रिका (२०६५), छोरी पाएको भन्दै श्रीमती माथी कुटपिट, भदौ १७, नयाँ पत्रिका प्रकाशन, नयाँ पत्रिका, पेज २, सिविन, रवि भवन, काठमाडौं ।

नयाँ पत्रिका (२०६८), हाकिमले श्रीमतीलाई आगो लगाए जेष्ठ १४, नयाँ पत्रिका प्रकाशन, पेज ११, कीर्तिपुर केन्द्रिय पुस्तकालय, काठमाडौं ।

नयाँ पत्रिका (२०६८), दाइजो नपाएपछि दुई दिनमा बेहुली फिर्ता, बैशाख २१ गते, नयाँ पत्रिका प्रकाशन, पेज नं.९, कीर्तिपुर केन्द्रिय पुस्तकालय, काठमाडौं ।

नेपाल समाचारपत्र (२०६४), सुत्केरीको हत्या, मंसिर २०, कामना प्रकाशन काठमाडौं, पेज ३, सिविन, रवि भवन, काठमाडौं ।

पुम्दी भुम्दी गाउँ विकास समितिको वस्तुगत विवरण पुस्तक (२०६५), पुम्दी भुम्दी गाउँ विकास समितिको कार्यालय, कास्की ।

प्रधान सपना (२०५८), यौनजन्य दुर्व्यवहार प्रतिवेदन, लैङगिक समानताको मूल प्रवाहीकरण कार्यक्रम, काठमाडौं ।

राजभण्डारी रेणु (२०५५), पारिवारीक हिंसा र महिला स्वास्थ्य, सयपत्री, वर्ष २, पौष, काठमान्डौ ।

राजधानी पत्रिका (२०६४), बोक्सीको आरोपमा घर निकाला, माघ ७, राजधानी पत्रिका पेज १, माइती नेपाल, गौशाला, काठमाडौं ।

लामिछाने प्रभात, पुरी महेश, तामांग ज्योत्सना, दुलाल विष्णु र श्रेष्ठ शंकर कुमार (२०११), पिडित न्याय प्राणाली, पैरभी प्रकाशन, काठमाडौँ, नेपाल ।

**अङ्ग्रेजी**

Dhakal sanjaya (2008), The Lancet, Vol. 371, Retrieved from: www.thelancet.com.

Paudel Sharma Giridhari (2007), Gender, Technology and Development, Kathmandu. Nepal.

Regmi Sonali (2000), Annual Survey of Nepalese Law, Status of Woman Under the present Legel System, In Kumar Regmi (eds), Nepal Bar Council, Kathmandu.

Sapkota Sunita (2011), Health Perspective, Vol. 10. 2011, WHO, Fact sheet, November 2009.

# परिशिष्ट १ : प्रश्नावलीहरु

**क. घरदैलो सर्वेक्षणका प्रश्नहरु**

१. घरधुरी संख्याः

२. उत्तरदाताको पूरा नामः

३. लिङगः ४. जातिः ५. टोलः

६. वडा नं.: ७. जिल्लाः ८. प्रमुख व्यवसाय र पेशाः

९. साक्षरः १०. वैवाहिक स्थितिः ११. उमेरः

१२. धर्मः १३. परिवारको प्रकारः

१४. पारिवारीक विवरण :

| सि.नं. | नाम | उत्तरदाताहरु संगको सम्बन्ध | लिङग | उमेर | बैबाहिक स्थिति | शैक्षिक स्तर | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

१५. तपाईलाई बाल्यकालमा पढ्न नदिनाको कारण के थियो ?

क) घरमा सौतेनी आमा भएको कारणले ख) छोरी भएको कारणले

ग) अशिक्षित परिवार भएको कारणले घ) अन्य

१६. तपाईले आफ्नो परिवार र समाजबाट कस्तो किसिमको घरेलु हिंसा भोग्नु भएको छ ?

क) कुटपीट ख) गालीगलौज ग) गर्भपतन घ) बलात्कार

१७. तपाईं घरेलु हिंसाबाट पीडित हुनुको कारण के हो ?

क) अशिक्षित भएर ख) सोझी भएर ग) महिला भएर

१८. तपाईको परिवारमा के कस्तो कारणले झगडाको सथिति उत्पन्न हुने गरेको छ ?

क) तपाईको श्रीमान जाँड रक्सी खाने भएकोले ख) तपाईको श्रीमानले परिवारलाई वेवास्ता गर्ने भएकोले

ग) तपाईले पैसा आर्जन गर्न नसक्ने भएकोले घ) अन्य

१९. तपाईप्रति भएको हिंसालाई तपाईले किन सहेर बस्नुभएको ?

क) आफ्ना इज्जत जाने डरले ख) घरबाट निकालिने डरले

ग) समाजले लान्छना लगाउला भन्ने डरले घ) छोराछोरीको भविष्य सोचेर

२०. घरेलु हिंसा सम्बन्धी घटनाहरुको विवरण दिन महिलाहरुलाई केले रोकेको छ ?

क) सामाजिक दवाब ख) आर्थिक कारण ग) पुरुषको दबाव घ) संस्कृति र परम्परा

२१. तपाईले उमेरै नपुगी बाल अवस्थामा विहे गर्नाको कारण के थियो ?

२२. आफूमाथि कुटपीट र गालीगलौज भएको अवस्थामा तपाई के गर्नुहुन्छ ?

२३. आफूमाथि हुने हिंसात्मक व्यवहारले तपाईमाथि कस्तो असर पर्ने गरेको छ ?

२४. घरायसी कामको लागि परिवारबाट सहयोग पाउनु हुन्छ कि हुन्न ?

२५. तपाईको श्रीमानले कति पढ्नुभएको छ ?

२६. तपाईको श्रीमानको पेशा के हो ?

२७. तपाईको पेशा के हो ?

२८. तपाईको आम्दानीको मुख्य श्रोत के हो ?

२९. तपाइले आफ्नो श्रीमानलाई किन मान्नुहुन्छ ?

३०. तपाईंप्रति भएको हिंसाको सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनुभएको छ ?

३१. तपाईको विचारमा शारीरिक यातनाले तपाईको मौलिक हक हनन् भएको छ ?

३२. गर्भावस्थामा पोषिलो खाना नपाउनुको कारण के थियो ?

३३. महिला विरुद्दको हिंसाका सम्बन्धमा भएको कानुनी प्रावधान बारेमा तपाईलाई जानकारी छ वा छैन ?

३४. वर्तमानमा भएको हिंसा सम्बन्धी कानुनी व्यवस्थाबाट पीडित पक्षलाई न्याय पुग्ने ठान्नु हुन्छ या न्याय प्रदान गर्न प्रयाप्त नभएको ठान्नु हुन्छ ?

**ख. प्रमुख जानकार व्यक्तिहरुको लागि प्रश्नहरु**

१. महिला विरुद्दको हिंसालाई कसरी परिभाषित गर्नुहुन्छ ?

२. महिला विरुद्दको हिंसाका कारणहरु के हुन् ? कस्तो प्रकारको हिंसा पीडित बनेका महिला बढी छन् तपाईको समाजमा ?

३. तपाईं गा.वि.स. अध्यक्ष भएको नाताले पीडित पक्षलाई कस्तो सहयोग गर्नु भएको छ ? वा कसरी सहयोग गर्नुभएको छ ?

४. महिला विरुद्दको हिंसामा महिलाको धारणा कस्तो पाउनुभएको छ ?

५. महिला विरुद्दको हिंसा रोक्न के गर्नु पर्ने ठान्नुहुन्छ ?

६. वर्तमान कानूनी व्यवस्था ठीक छ वा छैन र नभए के गर्नु उचित होला ?

७. कुन कुन जाति वा पदका महिला बढी पीडित बन्ने गरेका छन् ?

८. पीडित बनेका महिलाको चाहना के हुने गरेको छ ?

क) घर फर्कन चाहने, नचाहने ख) लोग्ने वा परिवारसँगै बस्ने वा नबस्ने

९. महिलाले हिंसा पीडित बनेर पनि आफूमाथिको हिंसामा उजुरी नगर्नको कारण के होला जस्तो लाग्छ ?